# फिदिम नगरपालिका सार्वजनिक सुनवाई प्रतिवेदन आ.व.०७८/०७९ पहिलो,दोस्रो,तेस्रो चौमासिक




फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिदिम पाँचथर

प्रदेश नं. १,

आयोजक/सहजीकरण–(संचार विकाश केन्द्र फिदिम पाँचथर)

फिदिम पाँचथर

फिदिम नगरपालिकाको स्थलगत निरीक्षण र सार्वजनिक सुनवाई कार्यक्रमको झलकहरु










विषयसुचि

१.पृष्ठभुमी........................................................................................................१
२. सार्वजनिक सुनुवाई कार्यक्रमको औचित्य .....................................................................१
३. सार्वजनिक सुनुवाई कार्यक्रमको उद्धेश्यहरु........................................................................१
४. कार्यक्रमबाट भएका उपलब्धीहरु ..............................................................................१
५. सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण...........................................................................१
६. सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएका प्रतिवेदनहरु ...................................................२
७. सार्वजानिक सुनुवाई कार्यक्रममा छलफल गरिएका विषयवस्तुहरु..............................................२
८. सार्वजनिक सुनुवाई कार्यक्रममा भएको उपस्थिति.................................................................२
९. सार्वजनिक सुनुवाई कार्यक्रमको पहिलो सत्र ...................................................................... २
१०. सार्वजनिक सुनुवाई कार्यक्रमको दोश्रो सत्र .........................................................................२
११. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न, जवाफ तथा सुझावहरु.................................... ..२
१२. सार्वजनिक सुनुवाई गर्न अपनाइएका विधिहरु.................................................................... २
१३. सार्वजनिक सुनुवाई कार्यक्रमबाट भएका सिकाईहरु ............................................................ २
१४. निश्कर्ष ........................................................................................................... २
उपस्थिती........................................................................................

## सार्वजनिक सुनवाई कायक्रमको प्रतिवेदन २०७८

प्रथम,दोश्रो र तेस्रो चौमासिक प्रगति विवरणको सार्वजनिक सुनवाई

१. पृष्ठभूमि

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानिय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न निती नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन निती नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ ।

जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ । फिदिम नगरपालिका नगर कार्यपालिका फिदिम पाँचथरले कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट,भौत्तिक पूर्वाधार निर्माण, समाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न फिदिम नगरपालिकाको सार्वजनिक सुनवाई कार्यविधि, २०७६ अनुसार वर्षको कम्तिमा तीनपटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तीनै व्यवस्थाहरु मध्ये आ.व.७८/०७९ को पहिलो,दोस्रो र तेस्रो चौमासिक अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ । यस सार्वजनिक सुनवाई कार्यक्रमको सहजिकरण तथा सहकार्य संचार विकाश केन्द्र फिदिम पाँचथर वाट एफ.एमका प्रवन्ध निर्देशक तथा पत्रकार श्री जितेन्द्र भण्डारीलाई जिम्मेवारी दिएको सन्दर्भमा सो संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

अनुसूची १

फिदिम नगरपालिका

नगरकार्य पालिकाको कार्यालय

फिदिम पाँचथर

प्रथम,द्धितिय र चौमासिकको सार्वजनिक सुनवाई कार्यक्रम

प्रगति प्रतिवेदन २०७८

१.१पृष्ठभुमी

नेपालको संविधान २०७२ अनुसार राज्यको पुःन संरचना भई तिन तहको सरकारको अवधारणाबाट निर्वाचन सम्पन्न भएको छ । जननिर्वाचित प्रतिनिधीहरुले सरकार संचालन गरिरहेको अवस्था छ । तिन तह को सरकार संचालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र उपयोग गर्ने अधिकारको उपयोग गर्न थालनी भएको छ । नगरपालिकाहरुले विभिन्न आवश्यक ऐन, कानुन, कार्यविधी निर्माण गरि सोहि आधारमा काम गर्न थालनी भईरहेको अवस्था छ । संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकारको ऐन कानुन बमोजिम सरकार संचालनको प्रक्रिया थालनी भए पछि स्थानिय सरकारले पनि विभिन्न अभ्यासहरु गर्दै आएको छ । जस अनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषी, पशु विकास लगायतका संरचना स्थानिय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था भए पनि व्यवस्थित हुन सकेको छैन । यसका साथै कर्मचारी समायोजन प्रक्रियाले पनि कर्मचारीको काममा विभिन्न बाधा, असुविधाहरु सृजना भएका छन् ।

सरकार घर नजिक आएको भए तापनि विभिन्न सिफारिस गर्ने र पुर्वाधार निर्माण गर्ने काममा मात्रै बढी मात्रामा स्थानिय सरकारको भुमिका अगाडी बढेको पाईन्छ । जसका कारण विभिन्न विषयगत ईकाईमा रहेका सेवा प्रवाह गर्ने आर्थिक विकास अन्तरगत कृषी विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास सामाजिक विकास अर्न्तगत शिक्षा, स्वास्थ्य, लैङ्गिक समान्ता समाजिक समावेशीकरण (महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपांग, पिछडा वर्ग, जेष्ठ नागरिक), खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ प्रशासकिय र वितिय शुसासन, गरिवी निवारण

रोजगारी, बन वातावरण, विपद् व्यवस्थापन लगायतका क्षेत्रमा नागरिको संलग्नता बढन सकेको छैन । जननिर्वाचित प्रतिनिधीहरुलाई नै जिम्मेवारी हस्तान्तरण गरेर समुदायका विभिन्न स्थानिय समुह, संरचना निस्कृय जस्तो अवस्थामा रहेको अनुभव गर्न सकिन्छ ।

जसका कारण सेवाप्रवाह र उपयोगको अवस्थामा सहज र प्रभावकारीता आउन सकेको छैन । स्थानिय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सृजना भएको छ । आम नागरिकको परनिर्भरता बढदै गएको अवस्था अनुमान गर्न सकिन्छ । जसले गर्दा जननिर्वाचित प्रतिनिधीहरुको ज्ञान, सीप, अनुभवबाट भविश्यमा पनि नकारात्मक सिकाइको अभ्यास सिर्जना हुन सक्ने सम्भावना छ । यस्ता सम्भावनामा सुधार ल्याई समाजिक जवाफदेहिता प्रवर्द्धनका माध्यमबाट नागरिकको अधिकार र सहभागीता सुनिश्चित गर्न समय सान्दर्भिक हुने भएकाले स्थानिय सरकारको सेवाप्रवाहमा सामाजिक जवाफदेहिताका विभिन्न औजारहरुको अभ्यास गरि जनसंलग्नता अभिवृद्धि गर्ने, सेवाप्रवाहमा देखिने कमि कमजोरी अथवा सुधारका पक्षमा योजना गर्ने र सेवाप्रवाहमा प्रभावकारीता ल्याउन नागरिकलाई जवाफदेहि बनाउने कार्यमा ध्यान दिन आवश्यक रहेको छ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागीतामुलक र शुसाशन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ । यसका साथै स्थानिय सरकार संचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४, सुशासन प्रबर्द्धन रणनिति तथा कार्य योजना २०७४, स्थानिय तह बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४, स्थानिय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले पनि शुसाशन प्रवर्द्धनका लागि जोड दिएको छ । स्थानिय तहमा शुसाशन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शि बनाउने अभ्यासका लागि विभिन्न निति, निर्देशिका, कार्यविधी तयार गरि सोहि आधारमा स्थानिय तह तथा सो संग सम्बन्धित सेवाप्रदायक ईकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको छ ।

सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ मा स्थानीय सरकारलाई धेरै अधिकारहरु प्रत्यायोजन गरिएको छ । जस अर्न्तगतको भाग ३ मा सुशासन ब्यवस्थापन कार्यबिधि, सार्वजनिक सुनुवाई कार्यबिधि, सामाजिक परिक्षण तथा सार्वजनिक परिक्षण कार्यबिधि रामधुनी नगरपालिकाले भरखरै निर्माण गरि लागु गर्नु व्यवस्था गरेको छ । सोही कार्यविधि अनुसार आफूले संचालन गरेका कार्यक्रमहरुको पारदर्शिता, जवाफदेहिता, सूचनाको हक र

जनसहभागितालाई प्रबर्द्धन गर्नका लागि सामाजिक परिक्षण, सार्बजनिक परिक्षण, सार्वजनिक खर्चको सोधखोज तथा सार्वजनिक सुनवाई लगायत विभिन्न विधीबाट अभ्यास गर्ने व्यवस्थालाई अगाडि सारेको छ ।

## १.२ कार्यक्रमको उद्धेश्य :

क.स्थानीय तहलाई जनताप्रति जवाफदेही बनाई पालिकाको विषयगत ईकाई र सो अर्न्तरगतका निकायका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना सहयोग गर्नु ।

नगरपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने । नगरपालिकाको वार्षिक योजना अनुसार संचालन भएका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चबारे सरोकारवालाहरु बिच आदान प्रदान गरि जानकारी गराउनु ।

कार्यक्रम संचालन गर्दा देखिएका चुनौती, उपलब्धि, सिकाईलाई सार्वजनिक गरि श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने दिने अवसर सृजना गर्नु । नगरपालिकाको वार्षिक योजना तथा गतिबिधिहरुको लेखाजोखा र मूल्याङ्कन गरि भावी कार्य योजनाका लागि सुझाब संकलन गर्नु ।

नगरपालिकाको योजना र कार्य सम्पादनको अवस्था विश्लेषण, आगामी योजनाका लागि आवश्यकता पहिचान र कार्यान्वयनका प्रतिवद्धता सहितको दस्तावेज तयार गर्नु ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

फिदिम नगरपालिकाको सार्वजनिक सुनवाई कार्यविधिमा व्यवस्था भए अनुसार नगरपालिकाको नगरसभा वाट विनियोजित बजेट तथा कार्यक्रमहरु वाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ । फिदिम नगरपालिकामा आ.व. २०७८/२०७९ को पहिलो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुनासोहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका

लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै हालको वर्ष यता स्थानिय तहहरुको कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई सुचनाको हक दिलाउने एउटा औजारको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ ।

**३.सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य :**

यस कार्यक्रमको मुख्य उद्देश्य फिदिम नगरपालिकाबाट आव २०७८/०७९ को प्रथम,द्धितिय र त्रैमासिक अवधिमा नगरपालिकाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

१. जनगुनासोहसाहरु सुन्नु ।

२. जनताको समस्यामा छलफल गर्नु ।

३. नगरपालिकामा एक चौमासिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु ।

४. आगामी दिनहरुमा नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

५. कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि

४. कार्यक्रमबाट भएका उपलब्धिहरु ।

(क) नगरपालिका र नगरबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

५. सार्वजनिक सुनवाई कार्यक्रमको विवरण

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजक : संचार विकाश केन्द्र फिदिम पाँचथर,

सार्वजनिक सुनवाई गरिएको कार्यालय–फिदिम नगरपालिकाको कार्यालय प्रथम,दोस्रो र तेस्रो सार्बजनिक सुनवाई प्रनिवेदन २०७८/०७९

(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था र व्यक्तिको नाम, ठेगाना : संचार विकाश केन्द्र फिदिम पाँचथर,

(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०७८ कार्तिक १४ देखि जेठ २० गते सम्म

(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : फिदिम नगरपालिका वडा नं. १ र ४ को केन्द्र फिदिम बजार,वडा न. ५,६,९ को केन्द्र सिवा, वडा न. १३ र १४ को केन्द्र जाल्पा, वडा न.७ र ८ को केन्द्र घुमाउनेटार,१०,११ र १२ को केन्द्र नाँगिन तृतिया, वडा न. २ को केन्द्र ओदिन,वडा न.३ को केन्द्र स्कूलडाँडा

(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय : दिनको दिउसो १२ बजे देखि ६:३० बजे सम्म ।

(च) कार्यक्रम सञ्चालन गरिएको समयावधि : ६ घण्टा ३० मिनेट

(छ) कार्यक्रममा सहभागि संख्या : प्रति केन्द्र ७० देखि १ सय ४० जना सम्म

(ज) कार्यक्रमको अध्यक्षता : फिदिम नगर प्रमुख ओनाहाङ नेम्बाङ्ग

कार्यक्रमको अध्यक्षता : फिदिम नगर नवनिर्वाचित मित्रप्रसाद काफ्ले

६. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरु :

७. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरु :

नगर तथा वडाका आ.व.०७८/०७९ का योजनाहरु,विषयगत शाखाका विषयमा, सडक,शिक्षा, स्वास्थ्य, सरसफाई, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौतिक पूर्वाधार तथा विकास निर्माण, सेवा प्रवाह लगायत अन्य समसामायिक विषयहरु

## ८. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थिति

यस कार्यक्रममा फिदिम नगरपालिकाले नगरको १४ वटा वडाको सार्वजनिक सुनवाई कार्यक्रम गर्ने जिम्मा  संचार विकाश केन्द्र फिदिम पाँचथरले पाएको थियो, र पाएको जिम्मेवारी लाई बहन गर्दै एफ.एम.ले १४ वटा वडाको पायक पर्ने ४ वटा स्थानमा सार्वजनिक सुनवाई कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको थियो । २०७८/०७९ को प्रथम र दोस्रो चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो ।

नगरपालिकाका जनप्रतिनिधी,कर्मचारीहरु, राजनितिक दलका प्रतिनिधि, उपभोक्ता समिति ,सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समूहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समुहहरु, दलित उत्थान समुहहरु, व्यावसायिहरु, शिक्षक, बुद्धिजिवीहरु तथा नगरपालिकाका विषयगत शाखाहरुलाई आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतनिधी गरी करिब  सवै केन्द्रमा गरिएको सार्वजनिक सुनवाई कार्यक्रममा गरी ७ सय ५० जना वढिको सहभागिता रहेको थियो ।

यसको विवरण अनुसची २ मा दिइएको छ ।

९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्र ।

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार संचालन भएको थियो ।

## ५. सार्वजनिक सुनवाई कार्यक्रमको विवरण

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजक : संचार विकाश केन्द्र फिदिम पाँचथर

सार्वजनिक सुनवाई गरिएको कार्यालय–फिदिम नगरपालिकाको कार्यालय प्रथम,दोस्रो तथा तेस्रो चौमासिक सार्बजनिक सुनवाई प्रनिवेदन २०७८/०७९

(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था र व्यक्तिको नाम, ठेगाना : संचार विकाश केन्द्र फिदिम पाँचथर

(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०७९ कार्तिक ११ गते देखि २०७९ जेठ २० गते सम्म

(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : फिदिम नगरपालिका वडा न. १ र ४ को केन्द्र फिदिम बजार,वडा न. ५,६,९ को केन्द्र सिवा, वडा न. १३ र १४ को केन्द्र जाल्पा, वडा न.७ र ८ को केन्द्र घुमाउनेटार,१०,११ र १२ को केन्द्र नाँगिन तृतिया, वडा न. २ को केन्द्र ओदिन,वडा न.३ को केन्द्र स्कूलडाँडा

(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय स्थान : दिनको दिउसो १२ बजे देखि ६:०० बजे सम्म । फिदिम १३ र १४ को सीमाना जाल्पा

(च) कार्यक्रम सञ्चालन गरिएको समयावधि : ६ घण्टा

(छ) कार्यक्रममा सहभागि संख्या : ९० जना देखि १ सय ३५ जना सम्म

(ज) कार्यक्रमको अध्यक्षता : वडा अध्यक्ष बाट

(ञ) प्रमुख अतिथी : फिदिम नगर प्रमुख ओनाहाङ नेम्बाङ

६. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरु :

७. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरु :

सडक,शिक्षा, स्वास्थ्य, सरसफाई, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौत्तिक पूर्वाधार तथा विकास निर्माण, सेवा प्रवाह लगायत अन्य,

**८. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थिति**

यस कार्यक्रममा फिदिम नगरपालिकाले नगरको १४ वटा वडाको सार्वजनिक सुनवाई कार्यक्रम गर्ने जिम्मा संचार विकाश केन्द्र पाँचथरले पाएको थियो, र पाएको जिम्मेवारी लाई बहन गर्दे संस्थाले १४ वटा वडाको पायक पर्ने ७ वटा स्थानमा सार्वजनिक सुनवाई कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको थियो । २०७८/०७९ को प्रथम,दोस्रो,तेस्रो चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो ।

नगरपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, वडाका जनप्रतिनिधी,कर्मचारीहरु, राजनितिक दलका प्रतिनिधि, उपभोक्ता समिति ,सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समूहहरु, सामुदायिक वन उपभोक्ता

समितिहरु, महिला समुहहरु, दलित उत्थान समुहहरु, व्यावसायिहरु, शिक्षक, बुद्धिजिवीहरु तथा नगरपालिकाका विषयगत शाखाहरुलाई आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतनिधी गरी करिब  सबै केन्द्रमा गरिएको सार्वजनिक सुनवाई कार्यक्रममा गरी ७ सय ५० जना वढिको उपस्थिती रहेको थियो ।

यसको विवरण अनुसची २ मा दिइएको छ ।

९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्र ।

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार संचालन भएको थियो ।

फिदिम नगरपालिका वडा न. १३ र १४ को सार्वजनिक सुनवाई

**सार्वजनिक सुनवाई कार्यक्रम**

**स्थान न.१**

फिदिम नगरपालिका वडा न.१३ र १४ को सीमाना जाल्पामा

मिति २०७७ कार्तिक ११ गते

कार्यक्रम संचालक : संचार विकाश केन्द्र पाँचथर अध्यक्ष जितेन्द्र भण्डारी

पहिलो सत्र ( १ घण्टा )

क) अध्यक्षता ग्रहण

फिदिम नगरपालिकाका वडा न. १४ का वडा अध्यक्ष हेम बहादुर फागो

प्रमुख अतिथी–फिदिम नगरपालिका प्रमुख ओनाहाङ नेम्बाङ

विशिष्ट अतिथी–फिदिम नगर उपप्रमुख उर्मिला प्रधान श्रेष्ठ

विशिष्ट अतिथी–फिदिम नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत गणेश प्रसाद दाहाल

अतिथी–फिदिम १३ का कार्यबहाक वडाअध्यक्ष महेश राई

अतिथी–नगर कार्यपालिका सदस्य गणेश वान्तवा

अतिथी–नगर कार्यपालिका सदस्य तेजकुमारी लिवाङ

अतिथी–फिदिम नगरपालिका प्राविधिक प्रमुख इन्जिनियर प्रेम काफ्ले

अतिथी–फिनपा शिक्षा शाखा प्रमुख निर्मला दाहाल

अतिथी–फिनपा पशु शाखा प्रमुख तिर्थ मिश्र

अतिथी–फिनपा सहकारी तथा न्यायिक समिती शाखा प्रमुख सरस्वती शिवाकोटी

अतिथी–फिनपा रोजगार सेवा केन्द्र प्रमुख इन्द्र गुरुङ

अतिथी–फिनपा कार्यबहाक वडा अध्यक्ष महेश राई

अतिथी–फिनपा १३ का वडा सदस्य अमृता वर्देवा

अतिथी–फिनपा १४ का वडा सदस्य प्रताप राई

अतिथी–फिनपा १३ का वडा सचिव शुक्र नेम्बाङ

अतिथी–फिनपा १४ वडा सचिव दुर्गा प्रसाद पोखेल

लगायत सम्पूर्ण महानुभावहरुलाई यथास्थानमा आसन ग्रहणको लागि हार्दिक अनुरोध गर्दछु ।

सार्वजनिम सुनवाईको सहजिकरण गर्ने संचार विकाश केन्द्र फिदिम पाँचथर................

राष्ट्रिय गानः सामुहिक

ज्ञात अगात सहिदहरुको संझनामा १ मिनेट मौन धारण

स्वागत मन्तव्य : फिदिम नगर वडा न.१४ का वडा सदस्य प्रताप राई

विषयवस्तुमा प्रवेश,औचित्यमाथि प्रकाश–जितेन्द्र भण्डारी दिव्यवाणी एफ.एम.प्रवन्ध निर्देशक तथा संचार विकाश केन्द्र पाँचथर अध्यक्ष

वडाको आ.व. ०७८/०७९ को पहिलो चौमासिकको प्रगति प्रतिवेदन प्रस्तुत–

फिदिम १३ वडा सचिव शुक्र नेम्बाङ र फिदिम १४ वडा सचिव दुर्गाप्रसाद पोखेल

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ ।

**सार्वजनिक सुनवाई कार्यक्रमको दोश्रो शत्र**

प्रशन उतर तथा छलफल ५ घण्टा

कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ ।

**सार्वजनिक सुनवाई स्थल–फिदिम १३ र १४**

पाँचथरको फिदिम नगरपालिकाको वडा न.१३ र १४ को सीमाना जाल्पामा मिति ०७८ चैत्र ५ गते शनिबार सार्वजनिक सुनवाई कार्यक्रम समापन भएको छ ।

संचार विकाश केन्द्र फिदिम पाँचथरको आयोजना तथा फिदिम नगपालिकाको आर्थिक सहयोगमा उक्त सार्वजनिक सुनवाई कार्यक्रम समापन भएको हो ।

कार्यक्रममा नगरपालिकाको विभिन्न विषयगत शाखाको र समग्र नगरको विषयमा सार्वजनिक सुनवाई गरिएको थियो ।

सुनवाई कार्यक्रमको अध्यक्षता फिदिम १४ का वडा अध्यक्ष हेम बहादुर फागोले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथी फिदिम नगरपालिका मेयर ओनाहाङ नेम्बाङ,विशिष्ट अतिथी उपमेयर उर्मिला प्रधान,विशिष्ट अतिथी प्रमुख प्रशासकिय अधिकृत गणेश प्रसाद दाहाल लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा फिदिम १३ र १४ का नागरिकहरुले प्रश्न,गुनासो र जिज्ञासा राखेका थिए ।

प्रश्न न. १ राजन नेम्बाङ

जाल्पामा रहेको महिला भवनको विकाशका लागि नगरपालिकाले सहयोग गर्छु भनेर नगरेको महिलाहरुले गुनासो गरिरहेका छन् वास्ताविकता के हो ?

जवाफ १.फिदिम नगर प्रमुख ओनाहाङ नेम्बाङ

यस वडा भवनको विकाशका लागि मैले सहयोग गर्छु भनेर वचन दिएकै हो,र अहिले पनि सहयोग गर्छु भनेकै छु तर उहाँहरुले पनि त्यसका लागि योजना माग गरेर वडाको सिफारिस लिएर आए के कस्तो सहयोग गर्न सकिन्छ,सकेको सहयोग गर्नेछु ।

प्रश्न न.२ घनेन्द्र नेम्बाङ यस लुङरुपा स्वास्थ्य चौकीमा किन बर्थिङ सेन्टरको व्यवस्था हुन सकेन् ?

जवाफ न.२ यसका लाग हामीले स्थानिय वडा तथा नगरपालिका सरकार सित कुरा गरिरहेका छौ,हेरौ,अव उहाँहरुले के गर्नुहुन्छ,त्यसका लागि यस वडाका सवै नागरिकहरुले माग गर्नपर्ने देखिएको छ ।

प्रश्न.३ राजेन्द राई

योजनाको स्टीमेट एउटा बन्छ,पछि सडक बनाउँदै जाँदा त्यहाँ रक निस्किन्छ,त्यसले गर्दा काम गर्ने उपभोक्ता समिती र ठेकदार मारमा पर्ने देखिएको छ यस बारेमा के भन्नुहुन्छ ?

जवाफ न.४ फिदिम नगरपालिका प्राविधिक प्रमुख इन्जियर प्रेम काफ्ले

यसका लागि नगरले शुरुमै स्टीमेट बनेको हुँदा त्यसका लागि नगरले थप रकम दिन सकिने अवस्था सायदै नरहला,त्यसका बारेमा नगरले केही व्यवस्था गर्छ जस्तो लाग्दैन्,शुरुमा जे स्टीमेट बनेको हुन्छ,त्यहीँ अनुसार नै काम गर्नुपर्दछ ।

प्रश्न.५ राजेन्द्र नेम्बाङ

फिदिम १४ मा रहेको कडेनी कुलो पटक पटक डिपीआर भएर पनि किन बजेट परेन ?

जवाफ न.५ मेयर ओनाहाङ नेम्बाङ

,साना सिचाई कार्यक्रम अर्न्तगत फिदिम नगरले पनि सिचाई क्षेत्रमा काम गरिरहेको हुँदा नगरले सके नगरले नभए सिचाई विकाश डिभिजन सँग समन्वय गरेर पनि काम गर्न सकिन्छ,त्यसका लागि यस क्षेत्रका उपभोक्ताहरुले नगर सित सम्पर्क रहेर समन्वय र ताकेता गर्दे गर्नुहुन उपभोक्ताहरुलाई अनुरोध गर्दछु ।

प्रश्न.६ घनेन्द्र नेम्बाङ

यस लुङरुपा स्वास्थ्य चौकीमा किन नियमित रुपमा कर्मचारी बस्दैनन्,आज एउटा कर्मचारी आएर हाजिर गर्छन् पर्सिपल्ट सरुवा हुने गर्दछन् यसबारेमा नगरले किन ध्यान दिँदैन् ?

जवाफ न.६ प्रमुख प्रशासकिय अधिकृत गणेश प्रसाद दाहाल

हिजो जे भयो,अव आगामी दिनमा त्यसो हुन हामी दिदैनौ,यहिँ दरवन्दी भएका कर्मचारीलाई यसै स्वास्थ्य चौकीमा काम गर्नको निम्ति वातावरण बनाएर हामी अघि वढ्छौ ।

प्रश्न.७ डिल्ली राई

वडा कार्यालयमा आएको सोलारले काम दिएन् त्यसको मर्मतका लागि नगरले किन चासो देखाएन् ?

जवाफ न.७ प्रमुख प्रशासकिय अधिकृत गणेश दाहाल

के भएर सोलारले काम नदिएको त्यसका लागि प्राविधिक खटाउने,हेराईदिने काम नगरले गर्नेछ,त्यसका लागि नगर सित फलोअप गर्दे गर्नुहुन अनुरोध छ ।

प्रश्न.७ भक्त बहादुर राई

फिदिम १४ वडा बाट ३ लाख रुपैया विनियोजन भएको विधुत पोल किन अहिले सम्म नगरले वडामा पठाएन् ?

जवाफ न.७

प्रमुख प्रशासकिय अधिकृत गणेश प्रसाद दाहाल

नगरले टेन्डर आह्वान गरिसकेको हुँदा अवको एक हप्ता भित्रमै विधुत पोल पुरयाउन नगरपालिका लाग्नेछ ।

प्रश्न.८ मन बहादुर राई

लुङरुपा स्वास्थ्य चौकी बनाउँदा आफूले ३३ लाख रुपैया अहिले पनि हामीले नपाएको हुँदा हामी मर्कोमा परेको त्यसका लागि नगरले केही गर्न सक्छ की ?

जवाफ न.८ प्रमुख प्रशासकिय अधिकृत गणेश प्रसाद दाहाल

निर्माण व्यवसायी सित यस बारेमा म कुरा गर्नेछु, के रहेछ,वास्ताविकता अनि तपाईलाई म खवर गरुँला ।

सार्वजनिक सुनवाई कार्यक्रममा फिदिम नगरपालिकाको पशु,कृषि,महिला तथा वालवालिका,शिक्षा,प्राविधिक शाखाहरुले आफूहरुले आ.व.०७८/०७९ को पहिलो र दोस्रो चौमासिक सम्म गरेको प्रतिवेदन पेश गरेका थिए ।

फिदिम १४ का वडा अध्यक्ष हेम फागोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा फिदिम १३ का कार्यबहाक वडाअध्यक्ष महेश राईले मनतब्य ब्यक्त गर्नुभएको थियो । कार्यक्रमको संचालन तथा सहजीकरण संचार विकाश केन्द्र पाँचथरका अध्यक्ष जितेन्द्र भण्डारी र प्रशिक्षक नन्द नेम्बाङले गर्नुभएको थियो ।

**सार्वजनिक सुनवाई कार्यक्रम**

**स्थान न.२**

**यसको विवरण अनुसची २ मा दिइएको छ ।**

९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्र ।

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार संचालन भएको थियो ।

फिदिम नगरपालिका वडा न. ७ र ८ को सार्वजनिक सुनवाई

फिदिम नगरपालिका वडा न.७ र ८ को सीमाना घुमाउनेटारमा

मिति २०७८ फागुन १८ गते

कार्यक्रम संचालक : संचार विकाश केन्द्र पाँचथर अध्यक्ष जितेन्द्र भण्डारी

पहिलो सत्र ( १ घण्टा )

क) अध्यक्षता ग्रहण

फिदिम नगरपालिकाका वडा न. ८ का वडा अध्यक्ष शेरबहादुर नेम्बाङ

प्रमुख अतिथी–फिदिम नगरपालिका प्रमुख ओनाहाङ नेम्बाङ

विशिष्ट अतिथी–फिदिम नगर प्राविधिक प्रमुख प्रेम काफ्ले

अतिथी–फिदिम ७ का वडाअध्यक्ष गोपाल प्रसाद गुरुङ

अतिथी–वडा सदस्य उपेन्द्र बास्कोटा

अतिथी–वडा सदस्य सिता विक

अतिथी–प्राविधिक प्रकाश बास्कोटा

अतिथी–फिनपा प्राविधिक बाबुराम न्यौपाने

अतिथी–फिनपा प्राविधिक सिमाना कार्की

अतिथी– फिनपा सहकारी तथा न्यायिक समिती शाखा प्रमुख सरस्वती शिवाकोटी

विभिन्न राजनितीक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुलाई यथास्थानमा आसन ग्रहणको लागि हार्दिक अनुरोध गर्दछु ।

सार्वजनिक सुनवाईको सहजिकरण गर्ने संचार विकाश केन्द्र फिदिम पाँचथर................

राष्ट्रिय गानः सामुहिक

ज्ञात अगात सहिदहरुको संझनामा १ मिनेट मौन धारण

स्वागत मन्तव्य : फिदिम नगर वडा न.७ का वडा सदस्य उपेन्द्र बास्कोटा

विषयवस्तुमा प्रवेश,औचित्यमाथि प्रकाश–जितेन्द्र भण्डारी दिव्यवाणी एफ.एम.प्रवन्ध निर्देशक तथा संचार विकाश केन्द्र पाँचथर अध्यक्ष

वडाको आ.व. ०७८/०७९ को दोस्रो चौमासिकको प्रगति प्रतिवेदन प्रस्तुत–

फिदिम ७ वडा सचिव नइन्द्र राई र फिदिम ८ वडा अध्यक्ष शेरबहादुर नेम्बाङ

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ ।

**सार्वजनिक सुनवाई कार्यक्रमको दोश्रो शत्र**

प्रशन उतर तथा छलफल ५ घण्टा

कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ

**सार्वजनिक सुनवाई स्थल –फिदिम ७ र ८**

फिदिम नगरपालिका वडा न ७ र ८ को वडाको सार्वजनिक सुनवाई कार्यक्रम मिति ०७८ फागुन १८ गते सोमबार सीमाना घुमाउनेटारमा सम्पन्न भएको छ ।

फिदिम नगरपालिकाको आर्थिक सहयोगमा संचार विकाश केन्द्र फिदिम पाँचथरको आयोजनमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा फिदिम नगरपालिकाका प्रमुख ओनाहाङ नेम्बाङ प्राविधिक प्रमुख इन्जिनियर प्रेम काफ्ले,फिदिम ७ का वडाअध्यक्ष गोपाल प्रसाद गुरुङ,वडा न.८ का वडा अध्यक्ष शेर बहादुर नेम्बाङ,वडा सदस्यहरु,विभिन्न राजनितीक दल,संघ संस्थाका ब्यक्तिहरु,विभिन्न उपभोक्ता समितीहरु लगायत आवद्ध हुनुहुन्थ्यो ।

कार्यक्रममा फिदिम ७ र ८ न. वडाले आ.व.०७८/०७९ को पहिलो र दोस्रो चौमासिकमा गरेको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा विभिन्न प्रश्नहरु,गुनासो,सल्लाह,सुझाव लिएको थियो ।

प्रश्न.१ बल बहादुर राई

फिदिम ७ र ८ को सीमनामा पानीको मुहान रहेको र उक्त स्थानमा स्थानियहरुले फोहोर फाल्दीनाले त्यस पानी दूषित भएको हुँदा त्यसका लागि वडा र प्रहरी चौकीमा समेत निवेदन दिँदा पनि कुनै सुनवाई भएन् अव हामीले के गर्ने ?

जवाफ न.१ फिदिम ७ र ८ वडा अध्यक्ष क्रमश गोपाल प्रसाद गुरुङ र शेर बहादुर नेम्बाङ

यसका लागि को ब्यक्तिहरुले त्यस स्थानमा फोहोर फालेको हो,उक्त स्थानमा गएर ती ब्यक्तिहरुलाई पहिचान गरी कारवाही गर्न लाग्ने र आइन्दा त्यस स्थानमा फोहोर नफाल्न सम्पूर्ण वडावासीहरुलाई सचेत गराउने प्रतिवद्धता जनाउनुभयो ।

प्रश्न.२–धन बहादुर राई–फिदिम ८ ले वडाका कुन कुन कार्यालयहरुलाई वाइफाईको ब्यवस्था गरेको छ,थाहा पाइएन नी ?

जवाफ न.२– फिदिम ८ का वडा अध्यक्ष शेरबहादुर नेम्बाङद्धारा–वडाका सम्पूर्ण मावि तहका सामुदायिक विद्यालयहरुमा,अस्थायी प्रहरी चौकीमा,वडाका क्रियाशिल सामाजिक संघ संस्थामा वाईफाई वडाले जोड दिनेछ ।

प्रश्न.३–गुरु बास्कोटा–प्राविधिकहरुलाई ल्यापटपको अभावले छिटो छरितो,चुस्तदुरुस्त रुपमा काम गर्न अप्ठेरो भयो भन्ने सुनिन्छ,त्यसका लागि नगरले किन ल्यापटको ब्यवस्था नगरेको हो ?

जवाफ न.३ प्राविधिक प्रमुख इन्जिनयर प्रेम काफ्ले–प्राविधिकहरुलाई भनेजतिको मात्रामा ल्यापटप पुरयाउन सकेका छैनौ तर अव त्यसका लागि नगरले केही ब्यवस्था गरेर चाँडै यसको निकाश निकाल्नेछ ।

प्रश्न.४ पर्शुराम अधिकारी

१४ वर्ष नपुग्ने विद्यार्थीले एसईई परिक्षा लेख्न पाएका छैनन् यस बारेमा वडा तथा नगरले के गर्न सक्छ ?

जवाफ न.४–फिदिम नगर प्रमुख ओनाहाङ नेम्बाङ

यसको बारेमा शिक्षा शाखा प्रमुख सँग वुझ्नेछु सायद अहिले त्यो ब्यवस्था हटाएको हुन सक्छ ।

प्रश्न.सूर्य घिसिङ–वडा न.७ र ८ का वडाका जनप्रतिनिधीहरुको जुंगाको लडाईले यी वडामा संचालन हुने खानेपानी आयोजनाको काम प्रभावित भयो कहिल्यै बाट यो आयोजनाको काम अघि वढ्छ ?

जवाफ न.५–फिदिम ७ र ८ वडा अध्यक्ष तथा फिदिम नगर प्रमुख

फिदिम नगर प्रमुख–फिदिम नगर प्रमुख–दुवै वडाका वडा अध्यक्ष तथा सदस्यहरुलाई नगरपालिकामा वोलाएर अन्य वडाका सरोकारवालाहरु समेत राखेर यसको समस्या समाधानको निकाश खोजिनेछ ।

फिदिम ७ र ८ वडा अध्यक्ष–एकअर्कोमा आरोप प्रत्यारोप नगरीकन अव समस्या समाधानको बाटो खोजिनेछ ।

प्रश्न.६–भीमादेवी गुरुङ

८नम्वर वडामा रहेको खानेपानीको मुहान ७ मा दर्ता गरेर किन राजनिती गरेको हो ?

जवाफ–फिदिम ७ वडा अध्यक्ष यो अहिले विवाद धेरै नगरौं अव यसको निकाशको बारेमा हामी थप छलफल गर्नेछौ ।

प्रश्न ७ भद्र बहादुर तामाङ

एक घर एक धाराको व्यवस्था वडाले गर्न सक्छ,सक्दैन् ? अहिले सम्म किन गरेन ?

जवाफ–फिदिम ८ वडा अध्यक्ष यसका लागि वडाले योजना बनाएरै अघि वढेको छ,यो वडामा थालनी पनि गरिएको छ,बाँकी रहेका सवै वडाका स्थानियको घर आँगनीमा धारा जडान गरिनेछ ।

प्रश्न.८ जलकुमार तामाङ

यस फिदिम ८ मा पक्की कुलो निर्माण भइरहेको थियो गत ०७८ कार्तिक १ र २ गते आएको अविरल वर्षादका कारण कुलो बगाएको तथा क्षति पुरयाएको हुँदा यसको मर्मत सम्भार कसले गरिदिने हो ?

जवाफ न.९–फिदिम नगर प्रमुख ओनाहाङ नेम्बाङ

क्षतिको विवरण हेरेर गर्न सक्ने नगरले नभए सिंचाई विकाश डिभिजन पाँचथरले गर्नेछ, यसका लागि नगररपालिकाले गर्न सक्ने सहयोग गर्नेछ ।

कार्यक्रममा १ सय ३० जना भन्दा वढिको सहभागिता रहेको थियो । फिदिम ८ का वडा अध्यक्ष शेर बहादुर नेम्बाङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा फिदिम नगरपालिका बाट नगर प्रमुख ओनाहाङ नेम्बाङ,प्राविधिक प्रमुख इन्जियिनर प्रेम काफ्ले,फिदिम ७ र ८ नम्वर वडाका जनप्रतिनिधीहरु,स्थानिय राजनितीक दल,संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।

**स्थान न ३**

**यसको विवरण अनुसची २ मा दिइएको छ ।**

९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्र ।

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार संचालन भएको थियो ।

फिदिम नगरपालिका वडा न. २ को सार्वजनिक सुनवाई कार्यक्रम

**सार्वजनिक सुनवाई कार्यक्रम**

**स्थान न.३**

फिदिम नगरपालिका वडा न.२ को कार्यालय ओदिन

मिति २०७८ फागुन २७ गते

कार्यक्रम संचालक : संचार विकाश केन्द्र पाँचथर अध्यक्ष जितेन्द्र भण्डारी

पहिलो सत्र ( १ घण्टा )

क) अध्यक्षता ग्रहण

फिदिम नगरपालिकाका वडा न. २ का वडा अध्यक्ष सुकपाल तुम्बापो

विशिष्ट अतिथी–फिदिम नगर प्राविधिक प्रमुख प्रेम काफ्ले

अतिथी–फिदिम नगर कार्यपालिका सदस्य खुश्बु धमला

अतिथी–वडा सदस्य रमा पौडेल

अतिथी–वडा सदस्य भिष्म बास्कोटा

अतिथी–फिनपा कृषि शाखा प्रमुख याम संग्रौला

अतिथी–फिनपा प्राविधिक दुर्गा बराल

अतिथी– फिनपा पञ्जीकरण शाखा प्रमुख सुमन बराल

विभिन्न राजनितीक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुलाई यथास्थानमा आसन ग्रहणको लागि हार्दिक अनुरोध गर्दछु ।

सार्वजनिक सुनवाईको सहजिकरण गर्ने संचार विकाश केन्द्र फिदिम पाँचथर................

राष्ट्रिय गानः सामुहिक

ज्ञात अगात सहिदहरुको संझनामा १ मिनेट मौन धारण

स्वागत मन्तव्य : फिदिम नगर वडा न.१ का वडा सदस्य भिष्म बास्कोटा

विषयवस्तुमा प्रवेश,औचित्यमाथि प्रकाश–जितेन्द्र भण्डारी दिव्यवाणी एफ.एम.प्रवन्ध निर्देशक तथा संचार विकाश केन्द्र पाँचथर अध्यक्ष

वडाको आ.व. ०७८/०७९ को दोस्रो चौमासिकको प्रगति प्रतिवेदन प्रस्तुत–

फिदिम २ का वडा अध्यक्ष सुकपाल तुम्बापो

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ ।

**सार्वजनिक सुनवाई कार्यक्रमको दोश्रो शत्र**

प्रशन उतर तथा छलफल ४ घण्टा

कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ

फिदिम २

प्रश्न.१ कृष्णराज पौडेल

सेवाग्राहीलाई नगरपालिकाका कर्मचारीले समयमै सेवा प्रवाह नदिएर हैरानी भइयो,अस्ति प्राविधिक सँग समय मागेर नगर गइयो तर कार्यालय जाँदा प्राविधिकहरु फिल्डमा निस्कनु भयो यसो गर्दा सेवाग्राही मर्कोमा परियो हाम्रो यस प्रति गुनासो छ ?

जवाफ न.१ प्राविधिक प्रमुख इ.प्रेम काफ्ले

पूर्वनिर्धारित कार्यक्रम हुँदा त समस्या भएन् तर कहिल्यैकाहीँ अपरझट कामहरु आइपर्दछन् त्यति बेला समस्या हुने गर्दछ,तपाईको पनि केश त्यस्तै भएको हो,हामी तपाई आइपुग्दा फिल्डमा जानैपर्ने भयो,हामीले बोलाएको पनि हो,यसर्थ त्यसका लागि माफी चाहान्छौ ।

प्रश्न.२ भूपाल राई

विरामी हुँदा पशुहरुको औषधी नगरपालिकाको पशु शाखाहरुले उपलब्ध गराउँदैन किन होला

जवाफ न.२ कृषि शाखा प्रमुख याम संग्रौला

सम्वन्धित निकाय,शाखामा जानकारी गराउनुहोला,त्यस्तो नदिने भन्ने छैन् पशु शाखामा आएर माग्नु भयो भने शाखाले भएको औषधी दिँदै आएको छ ।

प्रश्न ३ रामचन्द्र नेपाल

फिदिम नगरपालिका वडा न २ को नमूना लाईन को सडक तथा कालुराम ग्यारेज बाट पल्लोटार जाने सडकको नाली कहिल्यै सफा हुँदैन् जसका कारण सडक विग्रिरहेको छ यसतर्फ तपाईहरुको ध्यान पुगेको खै त ?

जवाफ वडा अध्यक्ष सुकपाल तुम्बापो

वडाले,नगरले पनि नालीहरु सफा गर्दैछ तर नियमित रुपमा सरसफाई हुन नसकेको हुन सक्दछ,त्यसका लागि आगामी दिनमा वडाबाट रकम विनियोजन गरेर भएपनि नालीहरुको सरसफाई गरिनेछ ।

प्रश्न ४ पारस अधिकारी

फिदिम नगरपालिका वडा न. २ मा करौडौ रुपैया लगानी गरेर भ्यू टावर निर्माण भयो तर त्यसका लागि वडा तथा नगरपालिकाले व्यवस्थित गरेर पर्यटकहरुलाई आकर्षण गरी शुल्क लिएर आम्दानीको स्रोत बनाउन सक्थ्यो तर त्यता तिर न त वडाको न त नगरेको कसैको पनि ध्यान गएको छैन किन होला ?

जवाफ वडा अध्यक्ष सुकपाल तुम्बापो

पहिले नगरले ठेक्का पारेको फर्मले पनि रमिते भ्यू टावरमा राम्रो सँग काम गर्न सकेन् अव यस बारेमा नगरसँग समन्वय गरेर ठेक्का आह्वान गरी रमिते भ्यू टावरलाई व्यवस्थित ढंगबाट संचालन गरी नगरको राम्रो आम्दानीको श्रोत बनाइनेछ ।

प्रश्न ५ नन्द प्रसाद भण्डारी

फिदिम २ तरकारीको पकेट क्षेत्र हो,तर वडाले व्यवासयिक तरकारी खेती गर्ने कृषकहरुको निम्ति उल्लेखिय मात्रामा अनुदान दिइरहेको छैन् किन होला ?

जवाफ वडा अध्यक्ष सुकपाल तुम्बापो

हामीले वडा तथा नगरको कृषि शाखा बाट पनि कृषकहरुलाई आएको सेवा सुविधा उपलब्ध गराएका छौ,अव पनि गराउनेछौ,यसप्रति वडा लागि पर्नेछ ।

प्रश्न ६ भिम बहादुर मुखिया

फिदिमको पर्यटकिय स्थलहरु रमिटे भ्यू टावर, ओदिनको टावरमा फ्रि वाईफाई जोन बनाउन वडाले किन ध्यान दिएन् ?

जवाफ वडा अध्यक्ष सुकपाल तुम्बापो

विगतका वर्षहरुमा बजेट अभावका कारण यो कार्यक्रम गर्न सकेनौ,अव आगामी दिनमा यसतर्फ पनि हाम्रो ध्यान जानेछ ।

प्रश्न ७ फिदिम २ पल्लोटारमा बसपार्क संचालनका लागि वडा,नगर,प्रहरी प्रशासन सवै लागेको थियो,तर सफल हुन सकेन् कसको कमजोरीको कारणले बसपार्क सफल हुन सकेन् ?

जवाफ वडा अध्यक्ष सुकपाल तुम्बापो

जिल्लाका सवै राजनितीक दल,प्रहरी प्रशासन,नगर,वडा सवै लाग्दा पनि सफल हुन सकेनौ,अव पनि पुन सवै सरोकारवालाहरु सँग छलफल गरेर बसपार्क संचालनमा ल्याउन लागि पर्नेछौ ।

प्रश्न ८ वडामा अहिले पनि काठेपोल प्रयोग भइरहेको छ,अहिले सम्म किन वडा नगरले हटाउन सकेन्,पोलमा प्रयोग भएका धेरै किसिमका तारहरुले गर्दा साह्रै अब्यवस्थित भएको र जोखिम वढेको छ यस प्रति किन जनप्रतिनिधीको चासो नगएको हो ?

जवाफ ८

जवाफ वडा अध्यक्ष सुकपाल तुम्बापो

काठेपोल अव छिटफुट मात्रै छ,अव रहलपहल भएको पनि चाँडै हटाउनेछौ, पोलमा प्रयोग भएको तारहरुलाई पनि ब्यवस्थित गर्दै लगिनेछ ।

सार्वजनिक सुनवाई कार्यक्रममा फिदिम वडा न. २ का वडा अध्यक्ष सुकपाल तुम्बापोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नगरपालिकाको अहिले सम्मको प्रगति विवरण फिदिम नगरपालिका प्रमुख इन्जिनियर प्रेम काफ्लेले प्रस्तुत गर्नुभएको थियो । यस्तै कृषि,पशु शाखाको प्रगति विवरण याम संग्रौलाले,पंजीकरण शाखाको सुमन बरालले प्रस्तुत गर्नुभएको

थियो । कार्यक्रममा कार्यक्रम संयोजक जितेन्द्र भण्डारीले नागरिकको अभिमत प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा वडाका सम्पूर्ण वडा सदस्यहरु रहेका थिए ।

**स्थान न.४**

यसको विवरण अनुसची २ मा दिइएको छ ।

९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्र ।

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार संचालन भएको थियो ।

फिदिम नगरपालिका वडा न. १०,११ र १२ को सार्वजनिक सुनवाई

**सार्वजनिक सुनवाई कार्यक्रम**

**स्थान न.४**

फिदिम नगरपालिका वडा न.१०,११ र १२ को सीमाना नाँगिन तृतिया

मिति २०७८ चैत्र ११ गते

कार्यक्रम संचालक : संचार विकाश केन्द्र पाँचथर अध्यक्ष जितेन्द्र भण्डारी

पहिलो सत्र ( १ घण्टा )

क) अध्यक्षता ग्रहण

फिदिम नगरपालिकाका वडा न. ११ का वडा अध्यक्ष श्री प्रसाद घिमिरे

प्रमुख अतिथी–फिदिम नगरपालिका प्रमुख ओनाहाङ नेम्बाङ

विशिष्ट अतिथी–फिदिम नगर उपप्रमुख उर्मिला प्रधान

विशिष्ट अतिथी–फिदिम नगर प्राविधिक प्रमुख प्रेम काफ्ले

अतिथी–फिदिम १२ का वडाअध्यक्ष प्रेमनारायण आचार्य

अतिथी–फिदिम १० का वडाअध्यक्ष विरहाङमा थाम्सुहाङ

अतिथी–न्यायिक समिती तथा सहकारी शाखा प्रमुख सरस्वती शिवाकोटी

अतिथी–वडा सदस्य यत्रविक्रम न्यौपाने

अतिथी–वडासदस्य नन्दकिशोर आचार्य

अतिथी–वडा सदस्य देवी बास्कोटा

अतिथी–वडा सदस्य सर्मिला दर्जी

अतिथी–फिदिम १२ वडा सचिव ददिराम चापागाई

विभिन्न राजनितीक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुलाई यथास्थानमा आसन ग्रहणको लागि हार्दिक अनुरोध गर्दछु ।

सार्वजनिक सुनवाईको सहजिकरण गर्ने संचार विकाश केन्द्र फिदिम पाँचथर................

राष्ट्रिय गानः सामुहिक

ज्ञात अगात सहिदहरुको संझनामा १ मिनेट मौन धारण

स्वागत मन्तव्य : फिदिम नगर वडा न.१२ का वडा अध्यक्ष प्रेमनारायण आचार्य

विषयवस्तुमा प्रवेश,औचित्यमाथि प्रकाश–जितेन्द्र भण्डारी दिव्यवाणी एफ.एम.प्रवन्ध निर्देशक तथा संचार विकाश केन्द्र पाँचथर अध्यक्ष

वडाको आ.व. ०७८/०७९ को दोस्रो चौमासिकको प्रगति प्रतिवेदन प्रस्तुत–

फिदिम १० वडा सचिव डिल्लीरा हाङसरुम्बा,फिदिम ११ वडाका कर्मचारी छविलाल अधिकारी,फिदिम १२ का वडा सचिव ददिराम चापागाई बाट

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ ।

**सार्वजनिक सुनवाई कार्यक्रमको दोश्रो शत्र**

प्रशन उतर तथा छलफल ५ घण्टा

कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ

फिदिम नगरपालिका वडा न.१०,११,१२ को संगम स्थल तृतिया

प्रश्न.१– आ.व.०७८/०७९ को भनेर वडा कार्यालय व्यवस्थापनको लागि बजेट विनियोजन गरेको पाइयो,त्यो के के शीर्षकमा खर्च गरियो त ?

जवाफ न.१–आ.व.०७८/०७९ को लागि विनियोजित बजेट बाट वडा कार्यालयको आन्तारिक रुपमा खर्च भएको छ,आवश्यक टेवल,कुर्सि,फर्निचर, वडाको कम्प्यूटर मर्मत आदि विषयमा खर्च हुने गरेको छ ।

प्रश्न.२ छवि न्यौपाने–कार्यक्रमको बारेमा खासै जानकारी पाइएन्,अहिले पनि नगरपालिकाले २० प्रतिशत रकम धरौटी राख्दा उपभोक्ता समितीलाई मर्को परेको छ यस बारेमा नगरपालिकाले के सोचेको छ ?

जवाफ न.२–फिदिम नगरपालिकाका प्राविधिक प्रमुख इन्जिनियर प्रेम काफ्ले

कार्यक्रमको बारेमा आयोजकले तथा वडाहरुले जान्ने विषय हो,उहाँहरुलाई नै सवै जिम्मा नगरपालिकाले दिएको हुँदा उहाँहरुको विषय हो,नागरिकहरु आउनुपर्थ्यो त्यो हुन सकेन् दुखद विषय हो, आउँदा दिनको कार्यक्रममा नागरिकको उपस्थिति वढि र सार्थक हुने गरी उपस्थिति बनाउन आयोजकलाई अनुरोध गर्दछु । धरौटीको विषयमा समितीलाई आयोजना प्रति अपनत्वको विकाश गराउन,उपभोक्ता समितीको विश्वसनियता जगाउनको निम्ति पनि नगरपालिकाले धरौटी राखेको हो,यो निरन्तर रुपमा अघि वढ्नेछ ।

प्रश्न.३ नरेन्द्र प्रसाद अधिकारी

वडाको वडा परिषद बाट बजेट विनियोजन गर्दा जनप्रतिनिधीहरुले वडाका स्थानिय राजनितीक दल,संघ संस्था,विद्यालय,नागरिक समाज,बद्धिजिवी कसैलाई खवर नगर्ने अनि अहिले सार्वजनिक सुनवाईमा किन आउने ?

जवाफ न.४ फिदिम नगरपालिका वडा न.११ का वडा अध्यक्ष श्री प्रसाद घिमिरे

हामीले वडाको बजेट विनियोजना गर्दा टोल स्तर सम्म गएर योजना छनौट गर्ने गरेको र वस्ती स्तर बाट आएका योजनाहरुलाई मात्रै वडाले पारित गर्ने गरेको छ ।

प्रश्न न.५ फिदिम १२ वडा अध्यक्ष प्रेमनारायण आचार्य

नगरपालिकाले फिदिम १२ न.वडामा लगाएको बजेट किन कटौती गरेको कतै पूर्वाग्रही ढंगबाट त बजेट कटौती गरेको होइन् ?

जवाफ.५–अब सम्झौता गर्ने म्याद पनि सकिएको, यो आ.व.को असार मसान्त सम्म काम पनि हुन सक्दैन् त्यसैले अव ठेक्कामार्फत अर्को वर्ष काम गराउन सकिन्छ ।

कार्यक्रममा फिदिम नगरपालिका प्रमुख ओनाहाङ नेम्बाङको प्रमुख आतिथ्यता,उपमेयर उर्मिला प्रधानको विशिष्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । फिदिम ११ का वडा अध्यक्ष श्री प्रसाद घिमिरेको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । फिदिम १० का वडा अध्यक्ष विरहाङमा थाम्सुहाङ,फिदिम १२ का वडाअध्यक्ष प्रेमनारायण आचार्यले मनतब्य ब्यक्त गर्नुभएको थियो ।

**स्थान न.५**

**यसको विवरण अनुसची २ मा दिइएको छ ।**

९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्र ।

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार संचालन भएको थियो ।

फिदिम नगरपालिका वडा न. ५,६ र ९ को सार्वजनिक सुनवाई

**सार्वजनिक सुनवाई कार्यक्रम**

**स्थान न.५**

फिदिम नगरपालिका वडा न.५,६ र ९ को सीमाना सिवा

मिति २०७८ चैत्र २८ गते

कार्यक्रम संचालक : संचार विकाश केन्द्र पाँचथर अध्यक्ष जितेन्द्र भण्डारी

पहिलो सत्र ( १ घण्टा )

क) अध्यक्षता ग्रहण

फिदिम नगरपालिकाका वडा न. ६ का वडा अध्यक्ष जहरमान तुम्ब्रोक

प्रमुख अतिथी–फिदिम नगरपालिका प्रमुख ओनाहाङ नेम्बाङ

विशिष्ट अतिथी–फिदिम नगर उपप्रमुख उर्मिला प्रधान

विशिष्ट अतिथी–फिदिम नगर प्राविधिक प्रमुख प्रेम काफ्ले

अतिथी–फिदिम ५ का कार्य वडाअध्यक्ष लोकनाथ भण्डारी

अतिथी–फिदिम ९ का वडाअध्यक्ष बालकृष्ण लावती

अतिथी–न्यायिक समिती तथा सहकारी शाखा प्रमुख सरस्वती शिवाकोटी

अतिथी–वडा सदस्य दलकुमार तुम्ब्रोक

अतिथी–वडासदस्य देवीचन्द्र पोर्तेल

अतिथी–वडा सदस्य गंगा राई

विभिन्न राजनितीक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुलाई यथास्थानमा आसन ग्रहणको लागि हार्दिक अनुरोध गर्दछु ।

सार्वजनिक सुनवाईको सहजिकरण गर्ने संचार विकाश केन्द्र फिदिम पाँचथर

राष्ट्रिय गानः सामुहिक

ज्ञात अगात सहिदहरुको संझनामा १ मिनेट मौन धारण

स्वागत मन्तव्य : फिदिम नगर वडा न. ५ का कार्यबहाक वडा अध्यक्ष लोकनाथ भण्डारी

विषयवस्तुमा प्रवेश,औचित्यमाथि प्रकाश–जितेन्द्र भण्डारी दिव्यवाणी एफ.एम.प्रवन्ध निर्देशक तथा संचार विकाश केन्द्र पाँचथर अध्यक्ष

वडाको आ.व. ०७८/०७९ को दोस्रो चौमासिकको प्रगति प्रतिवेदन प्रस्तुत–

फिदिम ५ का कार्यबहाक वडाअध्यक्ष लोकनाथ भण्डारी, फिदिम ६ का वडा अध्यक्ष जहरमान तुम्ब्रोक, फिदिम ९ का वडा सदस्य गंगा राई

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ ।

**सार्वजनिक सुनवाई कार्यक्रमको दोश्रो शत्र**

प्रशन उतर तथा छलफल ५ घण्टा

कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ

**फिदिम ५,६,९**

प्रश्न. १– हरिलाल तुम्रोक

५ वर्षमा पनि यो वडा कार्यालय बन्न सकेन् किन होला ? यस वडामा रहेको सयौ मुरी धान उब्जाउने कुलो अहिले मासियो यसको मर्मत सम्भारका लागि किन नगरपालिकाले सहयोग गरेन् ? स्वास्थ्य चौकीको आवश्यक सामाग्री हामीले पाउन सकेनौ ।

**जवाफ न.१–फिदिम नगरपालिका प्रमुख ओनाहाङ नेम्बाङ**

वडाको भूगोलको विवादका कारण वडाको भवन नबनेको हो,भवन निर्माणका लागि नगरपालिकाले बजेट विनियोजनमा कुनै कन्जुस्याई गरेको छैन्,गर्दैन् पनि,कुलो निर्माणको लागि नगरपालिका भन्दा पनि सिंचाई विकाश डिभिजन पाँचथरमा माग गरियो भने रकम पनि वढि आउने हुँदा कुलो निर्माणमा सहज हुन्थ्यो होला,त्यसका लागि नगरपालिकाले सहजीकरण गर्नेछ । यस्तै स्वास्थ्य चौकीको आश्यकता अनुसार कर्मचारी दरवन्दी दिएकै छ आवश्यक औषधी,उपकरण पनि नगरपालिकाले दिएको छ,दिँदै जाने छ ।

**प्रश्न.२ खगेन्द्र तुम्रोक**

सार्वजनिक सुनवाई कार्यक्रम ५ वर्ष सम्म किन गरिएन् र गरियो भने किन हामीलाई जानकारी दिइएन् ? वडाको योजना तथा बजेट तर्जुमा गर्दे गर्दा वडाका सरोकारवालाहरुलाई नबोलाउनुको कारण के हो ? कि एक्लै जनप्रतिनिधीले मात्रै बजेट बनाउने हो भने ठीकै छ ? यस बारेमा प्रष्ट गरिदिनुपर्यो ? साविक ५ नम्वर वडामा खानेपानीको लागि वडाबाट रकम त विनियोजन गर्नुभयो तर त्यो कसरी पछ्र्योट गरेर

खानुभयो ? कुनै पनि योजनाको अनुगमन नै नगरी कसरी योजना पास हुँदै पछ्र्योट गरिँदैछ त ?

**जवाफ न.२ फिदिम ६ वडा अध्यक्ष जरमान तुम्रोक**

सार्वजनिक सुनवाई कार्यक्रम नगरले नै गर्दै आएको छ,यसैक्रममा गत वर्ष पनि दिब्यवाणी मिडिया हाउस प्रा.लि.फिदिम पाँचथरले भगवती माविमा सार्वजनिक सुनवाई गरेको हो,वडाले सवैलाई खवर गरेको छ । हामीले त्यसरी वडाको बजेट एक्लौटी ढंगले कहिल्यै पनि वितरण गरेका छैनौ,गर्देनौ पनि, खानेपानीको विषयमा कसले पैसा निकालेर खायो,आधिकारीक प्रमाण तपाई सँग के छ प्रमाण विना त्यसै नबोल्नुहोस,सवै योजनाहरु फिदिम नगर उपप्रमुखको संयोजकत्वमा अनुगमन समिती बनेको हुन्छ,अनुगमन समितीले पास गरेर मात्रै योजना भुक्तानी हुने गर्दछ ।

**प्रश्न न.३ गौरी प्रसाद तुम्बापो**

सार्वजनिक सुनवाई कार्यक्रम किन प्रत्येक वडामा नभएर तिन वटा वडाको संगम स्थलमा भयो ? जनता आवास कार्यक्रम मार्फत जस्तापाता लगाउँदै नलगाई रकम लिएका छन् नागरिकले कसरी त्यो रकम भुक्तानी भयो ?

जवाफ क.–आयोजक संचार विकाश केन्द्र पाँचथर अध्यक्ष जितेन्द्र भण्डारी

सार्वजनिक सुनवाई कार्यक्रम संचार विकाश केन्द्र पाँचथर संस्थाले नगरका ७ वटा केन्द्र बनाएर गर्ने भनेर नगरपालिका सित सम्झौता गरेको हो,त्यहीँ अनुरुप फिदिम ५,६,९ को केन्द्र सिवामा हामीले तिन वटै वडाका नागरिकहरुलाई बोलाएर सार्वजनिक सुनवाई गरेका हौ । वडाहरुले आफै वडामा सार्वजनिक गर्न सक्नेछन् ।

जवाफ ख. प्राविधिक प्रमुख इन्जिनियर प्रेम काफ्ले

जनता आवास कार्यक्रम मार्फत घरनै नबनाई भुक्तानी नगरले दिए जस्तो लाग्दैन्,त्यसको बारेमा को ब्यक्तिले त्यसरी घरनै नबनाई भुक्तानी लगेको छ,उसको बारेमा तपाईहरुले निवेदन दिनुहोस् त्यसको छानविन गरिनेछ ।

**प्रश्न.४ शेर बहादुर सारु**

योजनाको भुक्तानी लिँदा किन १.५ प्रतिशत रकम काटिन्छ ? प्रत्येक योजनाको ३ प्रतिशत कन्टेन्जेन्सी के मा खर्च हुन्छ ? छिमेकी फाल्गुनन्द गाउँपालिकामा अहिले प्रत्येक वर्ष १

करोड २५ लाख,एक करोड भन्दा वढि रकम आउने गरेको तर नगरले वडामा ४० देखि ५० लाख मात्रै दिनुको कारण के हो ? अरु वडामा वढि रकम लगाएर ठूला योजनाहरु संचालन भएको पाइन्छ तर यस वडामा किन नगरको हेराई यस्तो हो की जनप्रतिनिधीको लविङ नपुगेको हो बजेट राम्रो आएको पाइएन् ? कृषि,पशु शाखा मा कृषकहरुले भरेको विभिन्न कार्यक्रमहरुको योजना अहिले सम्म पाइरहेको छैन ? सहकारी मार्फत संचालन भएको विुधत सहकारीले २० यूनिट सम्म छुट भनेपनि त्यो दिइरहेको छैन ? यसको पनि प्रश्नको जवाफ आओस् ।

जवाफ न.क प्राविधिक प्रमुख इन्जियर प्रेम काफ्ले

३ प्रतिशत कन्टेजेन्सीको रकम भनेको नगरपालिकाको कार्यालय संचालन गर्नका लागि खर्च हुने रकम हो । १.५ प्रतिशत आयकर भनेको संघिय कर कार्यालयमा प्रत्येक आयोजनबाट कर कार्यालयमा राख्ने गरिन्छ ।

जवाफ न.ख फिदिम नगर प्रमुख ओनाहाङ नेम्बाङ

हामीले कुनै पनि वडालाई काखा अनि पाखा गरेर हेरेका छैनौ,सवै वडाको सन्तुलित विकाश नै समग्र नगरपालिकाको विकाश हो,त्यसैले हामीलाई फिदिम ६ लाई हेर्ने नजर एउटा अरु वडाहरुलाई हेर्ने नजर अर्को,त्यो ढंगबाट हामीले हेरका छैनौ,हेर्दैनौ पनि,जहासम्म फाल्गुन्नको वडाहरुमा वढि रकम आयो तर हाम्रोमा थोरै आयो भन्ने कुरा छ,त्यो सत्य होला,गाउँपालिकाहरुले वडाहरुमा रकम वढि दिएका होलान् तर हामीले संघ र प्रदेश बाट आउने रकममा समपूरक कोष बनाएर ठूला योजनाहरु संचालन गर्नका लागि नगरमा बजेट राखेर आवश्यकता अनुसार उक्त रकम पनि वडाहरुमै गएको छ ।

जवाफ ग.फिदिम नगर उपप्रमुख उर्मिला प्रधान–अरु गाउँपालिकामा थोरै वडा हुन्छन् बजेट प्रशस्त हुन्छ,नगरपालिकामा १४ वटा वडाहरु रहेका छन् कसैलाई धेरै कसैलाई थोरै नभएर समानुपातिक ढंगबाट दामाशाहीले बजेट विनियोजन गरेका हौ । विधुत सहकारीले लिने शुल्कको विषयमा हामीलाई थाहा भएन् त्यहीँ भएर यसको जवाफ दिन्न चाहान्न,सम्वन्धित निकायमा लैजान प्रयास गर्नेछु ।

जवाफ घ.कृषि प्राविधिक प्रमुख याम संग्प्रैला–फिदिम नगर कृषि,पशु शाखाले जति योजना तथा कार्यक्रमको काम गर्छौ सवै वडाहरुलाई यसको बारेमा जानकारी पठाउने गर्दछौ,यस विषयमा वडालाई नै सोध्नुहोला ।

प्रश्न ५ नन्दकिशोर तुम्रोक

विद्यालयहरुमा वडा तथा नगरले दिने बजेट न्यून हुने हुँदा विद्यालयको आवश्यक पूर्वाधार विकाश तथा विद्यालय संचालनमा समस्या भएको छ यस तर्फ वडा तथा नगरको किन नजर नगएको होला ?

जवाफ : फिदिम नगर उपप्रमुख उर्मिला प्रधान

विद्यालयहरुमा शशर्त रकम आउने हुँदा नगरले विद्यालयहरुलाई तोकेरै बजेट विनियोजन गर्दैन् । यसका लागि नगर शिक्षा शाखा तथा वडाहरुलाई योजना माग गर्नुभयो भने सहज होला,आवश्यकता अनुसार मात्रै हामीले विद्यालयमा बजेट विनियोजन गर्ने गर्दछौ ।

प्रश्न ६ महमलाल तुम्रोक

वडामा लघुजलविधुत रहेको थियो तर गत ०७८ कार्तिक १ गते आएको भीषण वर्षादले बगाएर लगेको हुँदा यसको पुर्ननिर्माणको लागि नगरले ध्यान दिनुपर्ने देखिन्छ ? रुद्राक्ष रोपियो तर त्यसको बजार नभएर हामी कृषकहरु मर्कोमा परेका छौ यसको बजारीकरणमा नगरले ध्यान दिनुपर्यो ?

जाफ न.क ६ फिदिम नगर उपप्रमुख उर्मिला प्रधान

गत ०७८ कार्तिक १ र २ गते आएको भीषण वर्षादका कारण लघुजलविधुत मात्रै नभएर धेरै जनधनको क्षति पुरयाएको छ, क्षति पुरयाएका संरचना,अनवाली,घरहरुको क्षति भएको निवेदनको फायलको चाग छ,अव परिस्थिति हेरेर उनीहरुलाई राहात दिने तयारीमा छौ ।

जवाफ न.ख फिदिम नगर कृषि शाखा प्रमुख याम संग्रौला

रुद्राक्षको बजारीकरणको लागि एउटा शाखा मात्रै लागेर पुग्दैन् त्यसका लागि सिंगो नगरपालिका नै लाग्नुपर्नेहुन्छ । यस वडामा ब्यवसायिक रुपमा धेरै कृषकहरु रुद्राक्ष खेती गर्नुभएको छ भने ब्यापारीहरु घरघमै आएर पनि रुद्राक्ष किनेर लैजानुहुन्छ ।

प्रश्न ७ दिल तुम्रोक

आ.व.०७६/०७७ मै हामीले वडाको भवन मर्मत गरेका थियौ, वडाको भवन मर्मतका लागि भनेर १ लाख २० हजार रुपैया वडाले रकम दिन्छु भनेको तर अहिले ३ वर्ष वित्दा पनि हामीले कुनै पनि रकम नपाएको हुँदा कुन निकायले दिनुहुन्छ,हाम्रो रकम पाउनुपर्यो ?

वडामा प्राविधिक राख्न सकिन्छ सकिँदैन् ? वडामा १ लाखको योजना विनियोजन गर्दा पाउन भन्दा धाउन धेरै भयो ५ लाख भन्दा मुनिको योजना नछुट्याउन नगरलाई आग्रह गर्दछु ।

जवाफ न.७ क फिदिम ६ वडा अध्यक्ष जरमान तुम्रोक

उहाँहरुले काम गर्नुभएको हो,हामीले पनि काममा लगाएका हौ तर त्यति बेला वडाको मर्मत लगायत अरु पनि थुप्रै काम गर्नुपर्ने भएको हुँदा रकम थोरै भएको हुँदा दिन सकेनौ तर हामी अरु शीर्षक बाट मिलाएर भएपनि उहाँहरुले पाउनुपर्ने रकम दिने प्रतिवद्धता ब्यक्त गर्दछु ।

जवाफ ख.फिदिम नगर प्राविधिक प्रमुख इन्जिनियर प्रेम काफ्ले

प्राविधिक कर्मचारीको अभाव रहेको छ, अहिले पनि एक जना प्राविधिकले २ देखि ३ वटा सम्म वडाहरु हेर्नु परेको छ,अव विस्तारै प्रत्येक वडामा प्राविधिक राख्नेछौ ।

हामीले नगर कार्यपालिकाको वैठकमै पनि भनेका छौ,५ लाख रुपैया भन्दा मुनि बजेटको योजना बनाउँदै नबनाऔ,तर कतिपय वडाहरुले अझै पनि बनाइरहनुभएको छ,धेरै वडाहरुले ५ लाख भन्दा वढिको योजना बनाउनुभएको छ जसले गर्दा काममै नुहने समस्या छ,त्यसलाई आगामी दिनमा नगरले वडाहरुले सुधारेर लिएर जानुपर्दछ ।

प्रश्न ८ शुशीला जवेगु

महिलाहरुको विभिन्न शीर्षकमा छुटिने कार्यक्रमहरु हामी महिलाहरुलाई वडाले,नगरले किन गर्न दिँदैन्,के हामी गर्न सक्दैनौ र ?

जवाफ न.८ फिदिम नगर उपप्रमुख उर्मिला प्रधान

वडाले महिला शीर्षकमा अनिवार्य रकम विनियोजन गर्नुपर्दछ,गरेको छैन् भनेपनि आगामी दिनमा महिलाहरुको शीर्षकमा बजेट विनियोजन गर्नुपर्नेछ । महिला दिदीबहिनीहरु पनि बजेट विनियोजन गर्ने बेलामा आएर चासो राख्नुपर्‍यो,वडामा निवेदन दिनुपर्‍यो । यसबारेमा मैले वडा अध्यक्ष सँग पनि बुझेको छु,महिलाहरु खासै कार्यक्रम गर्न इच्छा नै गर्देनन् भन्नुहुन्छ,त्यहीँ भएर पनि हामीले बजेट विनियोजन गरेनौ भन्नुभयो,अव त्यसो भनेर हुँदैन् महिलाहरुको शीर्षकमा पनि बजेट विनियोजन गर्नुपर्दछ ।

प्रश्न ९ तिलक तुम्रोक

फिदिम नगरपालिका वडा न.५,६ हुँदै फाल्गुन्द १,फिदिम ६ जोडिएको कृषि सडकको कालोपत्रे गर्ने क्रममा ढल निकासीलाई ब्यवस्थित नगर्दा यस फिदिम ६ का नागरिकहरु हामी मर्कोमा परेका छौ । यसतर्फ नगरले के सोचेको छ ? यस्तै पसलहरु बाट निष्कने सिसाका बोतलहरु लाई फोहोर फाल्नको निम्ति गाडीको ब्यवस्था गरिदिन नगरपालिका सित आग्रह गर्दछु ।

जवाफ न.९ फिदिम नगर उपप्रमुख उर्मिला प्रधान

प्राय बजारमा अलिक वढि नै फोहोर हुने भएको हुँदा फोहोर बोक्ने गाडी बजार आसपासको क्षेत्रमा हुने गर्दछ,तर अव विस्तारै वडाहरुमा पनि हामी गाडी पठाउनेछौ । ढल निकासको विषयमा वडावासीले शुरुमै सचेत हुनुपर्नेथियो तपाईहरु हुनुभएन् अव के गरेर ढल निकाशलाई ब्यवस्थित गर्न सकिन्छ समाधानाको उपाय पहिल्याउनुहोस्,नगरले के गर्न सक्छ भन्नुहोस् हामी सकेको सहयोग गर्नेछौ ।

प्रश्न १० जिवन लावती

सार्वजनिक सुनवाई कार्यक्रम किन प्रत्येक वडा पिच्छे नगरेर ३ वटा वडाको एकै ठाउँमा गरियो ? अव आगामी दिनहरुमा प्रत्येक वडामा सार्वजनिक सुनवाईको ब्यवस्था मिलाउन नगरलाई सुझाव दिन्छु ।

जवाफ न.१० फिदिम नगर उपप्रमुख उर्मिला प्रधान

सार्वजनिक सुनवाई कार्यक्रम प्रत्येक वडामै गर्नुपर्दछ भन्ने हो, तर यस वर्ष गर्दे लैजाँदा अलिक ढिला मात्रै सुरुवात भयो,हामी जनप्रतिनिधी पनि सेवा अवधि सकिन लागेको,सवै वडामा पुग्न पनि समस्या भयो,ठिक छ,आगामी दिनहरुमा नगरले प्रत्येक वडामा सार्वजनिक सुनवाई गर्ने ब्यवस्था मिलाउने छ,वडाले आफैंले पनि गर्न सक्नेछ ।

प्रश्न ११ धनप्रसाद सारु

फिदिम नगरपालिका वडा न. ६ का जनप्रतिनधीहरुले अहिले सम्म कति पटक वडा परिषद गर्नुभयो ? कति पटक सार्वजनिक सुनवाई गर्नुभयो यसको जवाफ वडा अध्यक्षले दिनुपर्यो ? योजना संचालन हुनुपूर्व ब्यापक रुपमा छलफल गर्नुपर्‍यो र योजना सम्पन्न पश्चात पनि योजनाहरु पश्छ्यौट गर्नका लागि सार्वजनिक सुनवाई गर्नुपर्‍यो तर ५ वर्ष वित्दा पनि

सार्वजनिक सुनवाई हुन सकेको छैन ? वडा पिच्छे वडा आफैंले सार्वजनिक सुनवाई गर्नुपर्‍यो । वडाले संचालन गर्ने योजनाहरु तथा कार्यक्रमहरुमा सवै नागरिकलाई जान्न र सहभागिता गराउने अवसर वडाले मिलाउनुपर्‍यो ।

जवाफ न.११ फिदिम ६ का वडा अध्यक्ष जरमान तुम्रोक

हामीले प्रत्येक आ.व.को बजेट विनियोजन गर्दा वडा परिषद बाटै योजना छनौट गर्ने गर्दछौ, २ वर्ष त बजेट छनौट गर्न कोभिडको कारण धेरै मानिसहरु जमघट गरेर वडा परिषद बस्न नसकेकै हो,त्यो भन्दा पहिल्यै हामीले वडाका सरोकारवालाहरुलाई बोलाएर वडा परिषद बाट मात्रै बजेट विनियोजन गरेका छौ । प्रत्येक वर्षमा हामीले सार्वजनिक सुनवाई कार्यक्रम गरेका छौ,गत वर्ष पनि भगवती माविमा हामीले ३ वटै वडाको सार्वजनिक सुनवाई कार्यक्रम गरेका थियौ । योजना छनौट गर्नुपुर्व सरोकारवाला सँग छलफल गरेर मात्रै योजनामा रकम विनियोजन गर्नेछौ,वर्षमा ३ पटक नभएपनि वर्षको अन्त्यमा वडा बाट भएपनि सार्वजनिक सुनवाई कार्यक्रम गर्नेछौ ।

कार्यक्रममा संचार विकाश केन्द्र पाँचथरका अध्यक्ष जितेन्द्र भण्डारीले अभिमत प्रस्तुत गर्नुभएको थियो ।

आ.व.०७८/०७९ को पहिलो,दोस्रो,तेस्रो त्रैमासिकको प्रगति विवरण नगरको प्राविधिक प्रमुख इन्जिनियर प्रेम काफ्लेले,कृषि तथा पशु शाखाको कृषि शाखा प्रमुख याम संग्रौलाले,फिदिम नगर महिला शाखा,सहकारी शाखा,न्यायिक समिती शाखाको सहकारी शाखा प्रमुख सरस्वती शिवाकोटीले,वडा न.५ को कार्यबहाक वडाअध्यक्ष लोकनाथ भण्डारीले,वडा न ६ को वडा अध्यक्ष जरमान तुम्रोकले वडा न.९ को वडा सदस्य गंगा राईले प्रस्तुत गर्नुभएको थियो ।

**स्थान न. ६**

**यसको विवरण अनुसची २ मा दिइएको छ ।**

९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्र ।

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार संचालन भएको थियो ।

फिदिम नगरपालिका वडा न. ३ को सार्वजनिक सुनवाई कार्यक्रम

सार्वजनिक सुनवाई कार्यक्रम

स्थान न.६

फिदिम नगरपालिका वडा न.३ को कार्यालय ओदिन

मिति २०७८ वैशाख ५ गते

कार्यक्रम संचालक : संचार विकाश केन्द्र पाँचथर अध्यक्ष जितेन्द्र भण्डारी

पहिलो सत्र ( १ घण्टा )

क) अध्यक्षता ग्रहण

फिदिम नगरपालिकाका वडा न. ३ का वडा अध्यक्ष नरेन्द्र गुरुङ

प्रमुख अतिथी–फिदिम नगर उपप्रमुख उर्मिला प्रधान

अतिथी–फिदिम नगर प्राविधिक प्रमुख प्रेम काफ्ले

अतिथी–वडा सदस्य बुद्धविर मुखिया

अतिथी–वडा सदस्य पार्वता विक

विभिन्न राजनितीक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुलाई यथास्थानमा आसन ग्रहणको लागि हार्दिक अनुरोध गर्दछु ।

सार्वजनिक सुनवाईको सहजिकरण गर्ने संचार विकाश केन्द्र फिदिम पाँचथर................

राष्ट्रिय गानः सामुहिक

ज्ञात अगात सहिदहरुको संझनामा १ मिनेट मौन धारण

स्वागत मन्तव्य : फिदिम नगर वडा न.३ का वडा सदस्य बुद्धविर मुखिया

विषयवस्तुमा प्रवेश,औचित्यमाथि प्रकाश–जितेन्द्र भण्डारी दिव्यवाणी एफ.एम.प्रवन्ध निर्देशक तथा संचार विकाश केन्द्र पाँचथर अध्यक्ष

वडाको आ.व. ०७८/०७९ को तेस्रो चौमासिकको प्रगति प्रतिवेदन प्रस्तुत–

फिदिम ३ का वडा अध्यक्ष रामचन्द्र अधिकारी

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ ।

**सार्वजनिक सुनवाई कार्यक्रमको दोश्रो शत्र**

प्रशन उतर तथा छलफल ४ घण्टा

कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :

फ्लोर ओपन,सहभागिहरुको जिज्ञासा प्रश्न,गुनासो सल्लाह सुझावलाई समेटिएको छ

**फिदिम नगरपालिका वडा न.३**

प्रश्न.१ महेन्द्र लुईटेल

कृषकहरुलाई टनेल वितरण गरिन्छ तर त्यसको प्रयोगको बारेमा कृषकलाई सिकाइँदैन् त्यसले गर्दा टनेलको उपयोगिता भएन् ? यस वडामा सिलौटी कृषि सहकारी संस्था छ तर अहिले सम्म वडाले कृषि,पशुपालनको विषयमा कहिल्यै समन्वय गरेन् किन होला ? एउटा सूचना आएको थियो,जुन कृषकले ८ प्रतिशत मै रिण पाउथ्यो,तर वडाले सिफारिस माग्न जाँदा नदिँदा कृषकहरुले सहजकर्जाको रिण लिन बाट बन्चित भए वडाले किन सिफारिस नदिएको त ? यस वडामा आलु र मूला खेतीको राम्रो संभावना छ त्यसका लागि वडाले खासै चासो देखाएजस्तो पाइएन ?

जवाफ फिदिम नगरपालिका वडा न.३ का वडा अध्यक्ष नरेन्द्र गुरुङ– आगामी दिनमा कृषकहरुलाई टनेल वितरण गर्दा सँगै प्राविधिक ज्ञान पनि सिकाएर मात्रै टनेल वितरण गरिनेछ । हामीले यस वडामा रहेको सिलौटी कृषि सहकारी संस्थालाई कार्यक्रम तथा योजनाहरुको विषयमा सके सम्म समन्वयको प्रयास गरेका छौ,गर्छौ । मैले राम्रो नुबुझेर हो नत्र मैले सिफारिस दिन कन्जुसाई गर्ने थिइन् आगामी दिनमा त्यस्ता गल्तीलाई स्वीकारेर वडा अघि वढ्नेछ । मूला र खेतीका लागि हामीले आवश्यक विऊ विजन कृषकहरुलाई वितरण गरेका छौ,कृषकहरुलाई आवश्यक सहयोग वडाले गर्दै आएको छ,आगामी दिनमा पनि गर्ने छ ।

प्रश्न २.कुल बहादुर मुखिया

प्राविधिकहरुलाई विशेष अनुरोध,सडकमा भनेर रकम विनियोजन गरियो, तर सडकको ट्याक ओपन मर्मत गर्दा पनि कटिङ गर्ने ठाउँमा कटिङ नै गर्नुपर्ने,सोलिङ गर्नुपर्ने ठाउँमा सोलिङ नै गर्नुपर्ने तर यहाँ त उल्टोपाल्टो भइरहेको छ यसतर्फ प्राविधिकहरुले ध्यान दिनुपर्यो ?

जवाफप्राविधिक प्रमुख इन्जिनियर प्रेम काफ्ले– लागत स्टीमेट अनुसारको काम नभएको हुन सक्दछ,त्यसलाई स्वीकार्छु,अहिले प्राविधिक कर्मचारी नभएर हो अव प्रत्येक वडामा एक जना प्राविधिक नगरले राख्न खोज्दैछ, तपाईहरुको पनि काम हुँदा निरन्तर निगरानी र खवरदारी हुनुपर्दछ । लागत स्टीमेट अनुसारको तथा आवश्यकता र ब्यवहारिकतालाई हेरेर सडकको काम हुनेछ ।

प्रश्न ३ रत्न बहादुर सुनवार

हामीले कृषि फर्म दर्ता गरेको २ वर्ष भयो,वडाले प्रत्येक वर्ष राजश्व बापत रकम लिइरहन्छ तर अहिले सम्म हाम्रो फर्मलाई कुनै अनुदान,सहयोग केही पनि गरेको छैन् किन होला ?

जवाफ–फिदिम ३ वडा अध्यक्ष नरेन्द्र गुरुङ

फर्म दर्ता गर्दैमा अनुदान आउने होइन्,फर्मको उद्धेश्य,लक्ष्य विधान बमोजिम काम गर्दै जाने हो,वडा तथा नगरमा कृषि फर्ममा आधारित कार्यक्रम आएको खण्डमा हामीले तपाईको फर्मलाई गर्ने सक्ने सहयोग गर्नेछौ ।

प्रश्न ४ भक्त बहादुर मुखिया

हामीले ब्यवसायिक रुपमा आलु,मूला खेती गरेका छौ,तर गत ०७८ कार्तिक १ र २ गते आएको वर्षादका कारण हाम्रो क्षेत्रमा चल्ने सडक भत्किएर नचल्ने अवस्थामा पुगेको छ,यो सडक वडा नगर कसले कहिल्यै सम्ममा बनाईदिनुहुन्छ ?

जवाफ–फिदिम नगरपालिका उपप्रमुख उर्मिला प्रधान

गत कार्तिक १ र २ गते आएको वषार्दको कारणले अव सडकहरु यो वडामा मात्रै नभएर सवै वडाहरुमा विग्रिएका छन् अव यी सडकहरुलाई मर्मत सम्भार गर्न वडा,नगरपालिका लाग्नेछ ।

प्रश्न ५ प्रकाशचन्द्र मुखिया

मेचीराजमार्गले जोडिएको यस वडामा राजमार्ग भन्दा माथि वढि ब्यवसायिक आलु,मुला,सागसब्जी खेती हुने गरेको छ तर सडकहरु जीर्ण भएर मर्मत नगरिदिँदा हामी कृषकहरु मर्कोमा परेका छौ,यसतर्फ वडा तथा नगरको किन ध्यान नगएको त ?

जवाफ–फिदिम नगरपालिका वडा न.३ का वडा अध्यक्ष नरेन्द्र गुरुङ

हामी विग्रिएका सवै सडकहरु मर्मत गर्छौ,नसेकेको नगरलाई सहयोग मागेर भएपनि विग्रिएका सडकहरु बनाउनेछौ ।

प्रश्न ६ अमर ब.गुरुङ

यस वडामा रहेको जनता मावि सिलौटीमा घेराबारा निर्माणका लागि भनेर रकम माग गरियो तर दिनुभएको छैन् किन होला ? लालीखर्क नाम्दु कृषि सडकको २० लाखको काम गर्दा त्यहाँको उपभोक्ता समितीले २६ प्रतिशत रकम काटिन्छ भन्यो खासमा कति प्रतिशत रकम काटिने हो प्रष्ट पारिदिनुहोला ।

जवाफ क.फिदिम नगरपालिका उपप्रमुख उर्मिला प्रधान श्रेष्ठ

विद्यालयको घेराबाराका लागि नगरले भन्दा पनि वडाले रकम ब्यवस्था गर्ने गरेको छ अरु वडाहरुमा, यस वडाले पनि वडाका विद्यालयहरुलाई गरेको हुनुपर्दछ,छैन भनेर नगरपालिकाले आवश्यकता अनुसार विद्यालयको मर्मत सम्भार र घेरावारका लागि सहयोग गर्नेछ ।

जवाफ ख.फिदिम नगरपालिका प्राविधिक प्रमुख इ.प्रेम काफ्ले

अग्रिम आयकर र कन्टेजेन्सी भनेर ५ प्रतिशत र स्काभेटर प्रयोग भएको खण्डमा १३ प्रतिशत भ्याट तिनुपर्ने हुन्छ,१० प्रतिशत उपभोक्ता समितीले धरौटी बापत्त रकम,योजना शुरु गर्नुपूर्व समितीकै खातामा जम्मा गर्नुपर्नेहुन्छ,त्यो बाहेक अरु रकम लाग्दैन ।

प्रश्न ७ रंगलाल नेपाली

यस जनता माविमा मावि शिक्षकको दरवन्दी अभाव रहेको हुँदा पठ्नपाठनमा समस्या भएको छ, यसका लागि वडा तथा नगरपालिकाले के गरिदिन सक्छ प्रष्ट पारिदिनुहोला ।

जवाफ न.७ फिदिम नगरपालिका उपप्रमुख उर्मिला प्रधान श्रेष्ठ

अहिले यस वडाका विद्यालयहरुमा मात्र होइन् अरु विद्यालयहरुको पनि मावि दरवन्दीका लागि समस्या भइरहेको छ,त्यसका लागि अव नगरले मावि दरवन्दीका शिक्षक ल्याउन प्रयास गर्नेछ,नगरले अहिले पनि स्वयम सेवक शिक्षकहरु राखेको छ,त्यसले पनि विद्यालयको पठनपाठनमा सहजता प्रदान गरेको छ ।

प्रश्न ८ पर्शुराम अधिकारी

मावि तहमा मात्रै इलेक्ट्रोनिक हाजिरीको ब्यवस्था गरिएको छ किन आधारभूत तहमा इ हाजिरीको ब्यवस्था नगरिएको होला ?

जवाफ न.८ फिदिम नगरपालिका उपप्रमुख उर्मिला प्रधान श्रेष्ठ

हामी मा.वि.विद्यालयमा पनि इ हाजिरीको ब्यवस्था गर्न लाग्दैछौ,अव चाँडै मा.वि.विद्यालयमा पनि इ हाजिरीको ब्यवस्था गर्नेछौ ।

प्रश्न ९ टंक राई

शासकिय स्वरुपको बजेट हो या त नगरकै हो एक्ज्याक्ट थाहा भएन् बालुवा,ढुंगा,गिटी किन्न पनि नपाईने भाडा पनि नपाईने यो कस्तो कानुन बनाएको हो नगरले प्रष्ट पारिदिनुहोला ।

जवाफ–फिदिम नगरपालिका प्राविधिक प्रमुख इ.प्रेम काफ्ले

शासकिय स्वरुपको बजेट विशेष गरी कोभिड प्रभावित बेरोजगार नागरिकलाई लक्षित गरी ल्याएको कार्यक्रम हो,त्यो कार्यक्रममा नगदै रकम दिन नपाईने,४७ प्रतिशत खरिदमा मात्रै प्रयोग गर्न पाईने,५३ प्रतिशत भुक्तानी लिन पाइन्छ । कामदारलाई सिधै खातामा लगाईदिने ब्यवस्था छ । त्यसकारण पनि बालुवा,ढुंगा,गिटी किन्न नपाईने ब्यवस्था रहेको छ ।

प्रश्न १० गंगा बहादुर राई

सार्वजनिक सुनवाई कार्यक्रम होस या अरु जुनसुकै औपचारिक कार्यक्रमको समय भित्र किन कार्यक्रम शुरु हुँदैन,गरिँदैन ?

जवाफ–फिदिम नगरपालिका उपप्रमुख उर्मिला प्रधान श्रेष्ठ

कार्यक्रमहरु समयमै शुरु गर्नुपर्दछ,नेपाली टाइम हो,त्यहीँ त हो,सवैको ब्यवस्ता अहिले सवै जना स्थानिय तहको चुनावको कारणले पनि ब्यवस्ता भएकोले पनि समयमै आउन नसकेको हुन सक्छ ।

प्रश्न ११ ज्ञान बहादुर मुखिया

गत ०७८ कार्तिक १ र २ गते आएको अविरल वर्षादका कारण हाम्रो वाढि पहिरोले धेरे बारी बगाएको छ,हामी जस्ता वाढी पहिरो पिडितलाई वडा तथा नगरपालिकाले केही राहातको ब्यवस्था गर्दैन ?

जवाफ न.११ फिदिम नगरपालिका उपप्रमुख उर्मिला प्रधान

सवै तिर वाढी पहिराले क्षति पुरयाएको छ,अव नगरको कार्यपालिका वैठकले त्यस बारेमा निर्णय गरेर केही राहात दिन सक्छ ।

प्रश्न १२ धनबहादुर गुरुङ

यो वडा लेकपर्ने हुँदा यस ठाउँका कृषकहरुलाई घाँस तथा विऊ वडा तथा नगरले दिने हुँदा ब्यवसायिक पशुपालन गर्न सहज हुन्थ्यो कि ? एआई गर्दा कृषकहरुले १२ देखि १८ सय रुपैया सम्म तिर्दै आएका छन् यो रकम अलिक वढि भयो कि घटाउनुपर्छ कि ?

जवाफ–फिदिम नगरपालिका वडा न. ३ अध्यक्ष नरेन्द्र गुरुङ

घाँसको विऊ वडाले वाढ्नेछ,नगरको पशु शाखा सँग समन्वय गरेर घाँसको विऊ वाढिनेछ । पशुको एआई गर्न कृषकहरुलाई केही गर्न सकिन्छ ।

प्रश्न १३ अम्वर बहादुर लिम्बू

जनता माविको विद्यालयमा विद्यार्थी शिक्षक शौच गर्ने शौचालय एउटै मात्रै भएको हुँदा समयको बर्बादी हुने गरेको छ यसर्थ २ कोठे पक्की शौचालय बनाईदिन वडा तथा नगरको ध्यानकर्षण गराउँदछु ।

जवाफ–फिदिम नगरपालिका उपप्रमुख उर्मिला प्रधान

यस विद्यालयमा अन्यन्तै आवश्यक देखियो शौचालय,वडाले भएपनि नगरले भएपनि यस विद्यालयको २ कोठे पक्की शौचालय बनाउन लागि पर्नेछ ।

**<u>स्थान न.७</u>**

**सार्वजनिक सुनवाई कार्यक्रम**

स्थान न.१ –फिदिम १ र ४ को सीमाना फिदिम बजार पाँचथर उद्योग वाणिज्य संघको हल

मिति–२०७९ जेष्ठ २० गते शनिबार

कार्यक्रम संचालक : दिव्यवाणी एफ.एमका प्रवन्ध निर्देशक तथा संचार विकाश केन्द्र फिदिम पाँचथर अध्यक्ष जितेन्द्र भण्डारी

कार्यक्रम अवधि ( ६ घण्टा )

क) अध्यक्षता ग्रहण

फिदिम नगरपालिका वडा न. १ का वडाअध्यक्ष गजाधार भट्टराई

प्रमुख अतिथी–फिदिम नगर प्रमुख मित्रप्रसाद काफ्ले

विशिष्ट अतिथी–फिदिम नगर उपप्रमुख राधाकृष्ण न्यौपाने

विशिष्ट अतिथी–फिदिम नगरपालिकाका नि.प्रमुख प्रशासकिय अधिकृत प्रेम काफ्ले

विशेष अतिथी–फिदिम नगरपालिका वडा न.४ का वडा अध्यक्ष उपेन्द्र लावती

विशेष अतिथी–नगरपालिका तथा वडाका स्थानिय राजनितीक दलका प्रमुख तथा प्रतिनिधीहरु

अतिथीहरु–विषयगत शाखाका प्रमुखहरु

अतिथी पुश शाखा प्रमुख तिर्थ मिश्र

अतिथी कृषि शाखा प्रमुख याम संग्रौला

अतिथी महिला तथा वालवालिका शाखा प्रमुख सर्मिला खापुङ

अतिथी सहकारी तथा न्यायिक समिती शाखा प्रमुख सरस्वती शिवाकोटी

अतिथी शिक्षा शाखा उपप्रमुख लक्षीमा तामाङ

अतिथी–लेखा शाखा लेखा सहायक शान्तिराम तिम्सिना

फिदिम न.पा. वडा न. १ र ४ का वडा सदस्यहरु

संघ संस्था,सहकारी,विद्यालयका विब्यास अध्यक्ष,प्रअ,क्लव,उपभोक्ता समितीका पदाधिकारी लगायत सम्पूर्ण महानुभावहरुलाई यथास्थानमा आसन ग्रहणको लागि हार्दिक अनुरोध गर्दछु ।

सार्वजनिम सुनवाईको सहजिकरण गर्ने संस्था–संचार विकाश केन्द्र फिदिम पाँचथर

स्वागत मन्तव्य : फिदिम ४ का वडाअध्यक्ष उपेन्द्र लावती

ज्ञात अज्ञात सहिदहरुको संझनामा १ मिनेट मौन धारण

राष्ट्रिय गानः सामुहिक

ब्यानर बाचन गरेर प्रमुख अतिथी फिदिम नगर प्रमुख मित्रप्रसाद काफ्ले बाट

विषयवस्तुमा प्रवेश,औचित्यमाथि प्रकाश–जितेन्द्र भण्डारी दिव्यवाणी एफ.एम.प्रवन्ध निर्देशक

वडाहरु तथा विषयत शाखा बाट प्रतिवेदन प्रस्तुत

अभिमत प्रस्तुत

योजना तथा प्राविधिक शाखा

लेखा,महिला तथा वालवालिका,कृषि,पशु,शिक्षा,त्यायिक समिती तथा सहकारी शाखा

सार्वजनिक सुनवाई कार्यक्रमको आचारसंहिता प्रस्तुत

खुल्ला बहल छलफल शुरु

प्रश्न.१–फिदिम वडा न.१ चन्द्र काफ्ले–फिदिम बजारमा अहिले पनि कानुनी प्रावधान विनै ब्यापार ब्यवसायहरु संचालन गरिरहेका छन् तिनीहरुलाई किन अहिले सम्म पसल दर्ता नै नगरी संचालन गर्न दिइरहेको नगरले ? फिदिम बजारमा रहेका स्वच्छ खानेपानी मर्मतका लागि किन नगरले ध्यान पुरयाएन् ?

उत्तर न १–नगर प्रमुख मित्र प्रसाद काफ्ले

अत्यन्तै राम्रो र सान्दर्भिक प्रश्न गर्नुभएको छ,यसको लागि यहाँलाई धेरै धेरै धन्यवाद,हिजो कसरी ब्यवसाय संचालन गरे,अव त्यसरी ब्यवसाय चल्दैन,अनिवार्य रुपमा पसलहरुले पान नम्वर लिनुपर्दछ,नगरपालिका,घरेलु,पाँचथर उद्योग वाणिज्य संघ लगायत बाट प्रमाणपत्र लिनुपर्दछ,अनि मात्रै पसल गर्न पाईनेछ,त्यसका लागि नगरले के गर्नुपर्दछ,हामी लाग्नेछौ । फिदिम बजारमा रहेका खानेपानीको मर्मतसम्भारका लागि नगरपालिका लाग्नेछ । जति सक्दो चाँडो हामी बिग्रिएका धारा मर्मत गर्ने,ब्यवस्थित गर्ने र मुहान,इन्टेकको मर्मत पनि गर्नेछौ, र नगरवासीलाई पानी खुवाउनेछौ ।

प्रश्न २– फिदिम १ आकाशमणि बराल–फिदिम बजारमा अहिले भइरहेको कालोपत्रेको ठेक्का सम्झौता अवधि समेत सकिन लाग्यो तर किन अहिले सम्म पनि बजारको कालोपत्रेको काम द्रुत गतिमा अघि वढ्न सकेन् ?

उत्तर न २–फिदिम नगर प्रमुख मित्रप्रसाद काफ्ले

हामीले यस बारेमा कालोपत्रे गर्ने ठेक्का लिएको निर्माण ब्यवसायी सित कुरा गरिसकेका छौ,अव अहिले वर्षादको कारण कालोपत्रे गर्न नमिल्ने भएको तर बाँकी सवै काम सिध्याएर असोजको पहिलो हप्ता देखि कालोपत्रेको काम अघि वढाएर जति सक्दो चाडो सक्ने निर्माण ब्यवसायीहरुले प्रतिवद्धता जनाएका छन्,त्यसका लागि नगरपालिकाले पनि जति सक्दो चाडो ताकेता गरेर काम अघि वढाउनेछ ।

प्रश्न.३–फिदिम ४ चन्द्रकला केरुङ–फिदिम १ स्थित नमूना लाईन अर्न्तगत थाङसाङ खोला छेउमा रहेको नमूना बस्ती पानी पर्दा डुबानमा पर्ने गरेको छ । बजार बाट आएको भेल बाढी,नाली लाई नगरले किन ब्यवस्थित नगरेको ? तुरुन्तै नालीहरु ब्यवस्थित गरिदिन अनुरोध गर्दछु । नमूना लाईनको कालोपत्रको काम नाली राम्रो नबनाई धमाधम भइरहेको छ,यसतर्फ नगरको ध्यानकर्षण गराउँदछु ।

उत्तर न.४–फिदिम नगरप्रमुख मित्र प्रसाद काफ्ले

हामीले त्यस ठाउँको स्थलगत रुपमै निरीक्षण गरिसकेका छौ,नालीको ब्यवस्थापनका लागि अहिले नमूना लाईनको सडक कालोपत्रे गर्ने निर्माण ब्यवसायीलाई पनि हामीले नालीलाई ब्यवस्थित गर्न भनिसकेका छौ,यस्तै बजार बाट जाने भेल बाढी,पानीलाई ब्यवस्थित गरिदिन हामी नगरपालिका आफैं लाग्नेछौ ।

प्रश्न ४ फिदिम नगरपालिका वडा न. १ गोपीलाल मगर–फिदिम १ का वडा अध्यक्ष गजाधार भट्टराईले अहिले सम्म ९ वटा योजना सम्पन्न भयो, एउटा अझै पनि बाँकी छ भन्नुभयो,किन त्यो योजना अहिले सम्म सम्झौता हुन सकेन् ? फिदिमको कारागार लाईनको सडक कहिल्यै ब्यवस्थित हुने हो ?

उत्तर न.४–फिदिम १ का वडा अध्यक्ष गजाधार भट्टराई

उपभोक्ता समितीको गठनको विवादको कारण अहिले सम्म हामीले उक्त योजनालाई अघि वढाउन सकेनौ,अव सायद यो आ.व.त्यो योजना अघि वढ्न सक्दैन् होला अर्को वर्ष बाट बेलैबाट काम अघि वढाउनुपर्दछ ।

प्रश्न.५–फिदिम नगरपालिका वडा न.४ अञ्जु लिम्बू–मेची बोडिङ स्कूल देखि तुलसी तुम्बापोको घर सम्म को सडक अहिले सम्म थ्रि फेज लाईन नभएको हुँदा हामीलाई उद्योगहरु संचालन गर्न समस्या भयो,बत्ति नै राम्रो सँग वल्दैने यस तर्फ नगरको ध्यान कहिल्यै जाने ?

उत्तर न ५ फिदिम नगरपालिका वडा न.४ वडा अध्यक्ष उपेन्द्र लावती

हामीले यस बारेमा विधुत प्राधिकरणलाई पनि भनिरहेका छौ,हामी निरन्तर ताकेता गरिरहनेछौ,र जति सक्दो चाँडो त्यस क्षेत्रमा थ्रि फेज लाईन विस्तार गर्नेछौ ।

प्रश्न.६–फिदिम नगरपालिका वडा न.४ युवराज ढुंगेल–फिदिम नगरपालिका तथा विषयगत शाखाले गर्ने सेवा प्रवाह,गतिविधी तथा क्रियाकलापहरु किन संचार माध्यमबाट निरन्त रुपमा प्रचार प्रशार गरिँदैन् ? किन पालिकाको वेभसाइटमा राखिँदैन ?

उत्तर न.६–फिदिम नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत प्रेम काफ्ले

हामी यस बारेमा सवै विषयगत शाखाका प्रमुखहरुलाई भन्छौ,अव वडा तथा नगर बाट प्रवाह गरिने जति पनि सेवा प्रवाह छ त्यसको बारेमा संचारमाध्यम बाट,नगरको वेभसाईटमा सेवा प्रवाहको विषयमा अपडेट गर्नेछौ ।

प्रश्न ७ फिदिम १ दिलकुमारी ओझा–फिदिम १ शिवालयमा रहेको अधिकांश फिदिम बजारवासीले स्वच्छ पिउने पानी ट्यांकी धारा मर्मतका लागि वडा तथा नगरले किन पहल

गरेन् ? टोलको आवश्यकता अनुसार वडाले बजेट विनियोजन गर्नुपर्ने तर वडाले टुक्रे बजेट मात्रै विनियोजन गर्देछ किन होला ?

उत्तर न ७–फिदिम १ का वडा अध्यक्ष गजाधार भट्टराई

यसका लागि हामीले विगतमा पनि वडा तथा नगरबाट रकम विनियोजन गरेका थियौ,अव पनि गर्छौ हामीलाई पनि चिन्ता छ,शनिबारेमा रहेको ट्याकी धारा बाट आउने पानी पिलाउने विषयमा हाम्रो पनि ध्यान गएको छ,जानेछ ।

प्रश्न.८–फिदिम १ चन्द्र भट्टराई–वि.स.२०१२ सालमा स्थापना गरिएको नाम्दु कुलो फिदिम १ शिवालय देखि लुरुङरुपा जोड्ने सडकले विगारिदियो,जसले गर्दा अहिले सयौ रोपनी उब्जाउ हुने कृषकको खेतबारी बाँझिएको छ यसको पुननिर्माणका लागि नगरपालिकाले केहि गर्न सक्छ कि सक्दैन् । कुलचौर देखि फिदिम मावि सम्मको गेट सम्म जोड्ने सिढीमार्ग निर्माण गरिदिए हिड्डुल गर्न धेरै सहज हुने थियो यसप्रति वडा तथा नगरको भनाई के छ ? सामुदायिक विद्यालयहरुमा रहेका शिक्षकहरु लाई मात्र क्षमता विकाशका तालिम हुन्छन् निजी विद्यालयमा अध्यापन गराउने शिक्षकहरुलाई पनि नगरले तालिमको व्यवस्था गर्छ गर्दैन् ? फिदिम बजारको ठाँडो लाईनमा बिहान ९ देखि १० बजेसम्म पहिल्यै गाडीहरु बन्द हुन्थ्यो तर अहिले वन्द हुन छोड्यो जसका कारण दुर्घटनाको जोखिम वढेको छ,यसप्रति नगर तथा वडाको ध्यान गएको पाईदैनन् नी ?

उत्तर न.८ फिदिम नगरपालिका प्रमुख मित्रप्रसाद काफ्ले

नाम्दु कुलोको विषयमा हामी साह्रै चिन्तित छौ,यसको बारेमा हामीलाई पहिल्यै देखि नै नागरिकहरुले घचघचाइरहनुभएको छ, हामी यो कुलो पुननिर्माणको लागि नगरले नभए सिंचाई विकाश डिभिजन पाँचथरलाई भनेर भएपनि लाग्नेछौ । फिदिम बजारको ठाडो लाईनमा बिहान ९ बजेदेखि १० बजेसम्म र बेलुका ३.३० देखि ४.३० बजे सम्म ठूला तथा मालबहाक गाडी प्रवेशमा रोक लगाउनेछौ । अव नगरको शिक्षा शाखा लाई हामी भन्नेछौ,आवश्यकता परिस्थिती अनुरुप निजी विद्यालयका शिक्षकहरुको क्षमता विकाश तालिमको निम्ति हामी प्रयास र प्रयत्नरत रहनेछौ ।

उत्तर न.८ फिदिम १ का वडा अध्यक्ष गजाधार भट्टराई

सिढीमार्ग बनाउनुपर्नेछ,त्यसका लागि वडा कार्यालय तत्पर छ,हामी सिढीमार्ग बनाउनेछौ ।

प्रश्न ९–फिदिम १ मेदनी खत्री–फिदिम वडा न.१ ले संचालन गरेको आ.व.०७८/०७९ का लागि विनियोजित योजना तथा कार्यक्रमहरुको किन रकम सार्वजनिक गरिएन् रकम चाहिँ हामीले सुन्न नहुने हो ? फिदिम बजारको सडकको ढिलाईको कारण बजार अस्तब्यस्त छ,खानेपानी कहिल्यै सफा शुद्ध आउँदैन्, ठूला ठूला योजनाका होडिङ बोर्डहरु राखिदैन्,फिदिमका सामुदायिक विद्यालयको गुणस्तर सुधार्न किन नगर लाग्दैन् ?

उत्तर न.९– फिदिम १ का वडा अध्यक्ष गजाधार भट्टराई

अचम्म लागेर आयो,अहिले नगर बाट प्रकाशन गरिएको रेडबुक सवैको हातहातमा हुन्छ भएन् भनेपनि नगरपालिकाको वेभसाईटमा हुन्छ,तर हामीले उहाँहरुलाई जानकारी हुन्छ भनेर मात्रै नभनेको हो,वडाको बजेटको सिलिङ योजनाको विषयमा जानकारी छैन् भने हामी जानकारी गराउँछौ ।

उत्तर न ९ फिदिम नगरपालिका प्रमुख मित्रप्रसाद काफ्ले

फिदिम बजारको अस्तब्यस्ततालाई हामी जति सक्दो चाँडो ब्यवस्थापन गर्ने पक्षमा छौ,फिदिमको सडक,खानेपानी,विजुलीबत्ति,माकुराले लगाउने जालो जस्तो रहेको तारहरुलाई ब्यवस्थित गर्छौ,जति सक्दो त्यस कामलाई अघि वढाउन हामी लागिरहेका छौ । योजनामा अनिवार्य होडिङ बोडको ब्यवस्था गर्न उपभोक्ता समिती तथा ठेकेदारलाई आग्रह गर्नेछौ । सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न हामी लाग्नेछौ ।

प्रश्न.१०–फिदिम १ पदम विक–दलितको लागि विनियोजन गरिएको रकम अहिले सम्म कति छुट्यो,के काम भयो ५ वर्षमा अत्तोपत्तो पाइएन् किन वडाले यसबारेमा हामी सरोकारवालाहरुलाई जानकारी गराउँदैन् ?

उत्तर न.१०–फिदिम वडा न.१ वडा अध्यक्ष गजाधार भट्टराई

दलितको रकम हामीले प्रत्येक वर्ष विनियोजन गर्दै आएका छौ,गत वर्ष मात्रै हामीले दलितको विनियोजन गरेको रकम बाट गुडिया बनाउने तालिम गरियो । प्रत्येक वर्ष सीप तथा क्षमता विकाशका लागि दलित शीर्षकमा वडा बाट रकम विनियोजन गर्ने गरेका छौ ।

प्रश्न.११–फिदिम ४ नारायण नेपाल–सवै पालिकाहरुमा राष्ट्रपनि रनिङ शिल्ड कार्यक्रम भयो तर किन फिदिम नगरपालिका हुन सकेन् ? अहिले फिदिम बजारमा जोडिएका सिसी क्यामरा काम नदिने अवस्थामा पुगेका छन् त्यसको मर्मतका लागि वडाले,नगरले खोई चासो

दिएको ? वडा न.४ मा अहिले पनि संस्थागत सुधार हुन सकेन् सडकको दिगोपनाका लागि केही काम भएको देखिएन् ? यत्रो नमूना शहर रहेको फिदिम बजारमा अहिले सम्म किन सार्वजनिक शौचालय बन्न सकेन् ?

उत्तर न.११ फिनपा शिक्षा शाखा बाट लक्षिमा तामाङ

गत ०७८ पुस माघको समयमा राष्ट्रपनि रनिङ शिल्ड कार्यक्रम गर्न खोजेका थियौ,तर त्यस समयमा कोभिडको महामारी ब्यापक रुपमा फैलिएको थियो,जसका कारण उक्त कार्यक्रम गर्न सकेनौ,पछि फेरि लगत्तै परिक्षा हुने भयो,जसले गर्दा पढाईमा नराम्रो असर पर्ने देखियो त्यसैले गर्दा हामीले राष्ट्रपनि रनिङ शिल्ड कार्यक्रम गरेनौ ।

उत्तर ११ फिदिम न.पा प्रमुख मित्र प्रसाद काफ्ले

बजारका सिसी क्यामरा,सडक बत्ति अव नगरको पहिलो प्राथामिक्ता रहनेछ । अव काम नदिने सडकबत्ति तथा सिसी क्यामराहरु फेरिनेछ । जति सक्दो चाँडो सिसी क्यामरा तथा सडकवत्तिलाई ब्यवस्थित गर्न हामी लागि पर्नेछौ । सार्वजनिक शौचालय जसरी पनि बनाउँछौ,यो प्रतिबद्धता ब्यक्त गर्न चाहान्छु ।

उत्तर न.११– फिदिम नगरपालिका वडा न. ४ वडा अध्यक्ष उपेन्द्र लावती

वडाको संस्थागत विकाशका लागि हामी लाग्नेछौ,अव बजेट विनियोजन गरिँदा कम्तीमा पनि ५ लाख रुपैया भन्दा तलको बजेट विनियोजन गरिँदैन् । दिगो विकाश हुने गरीको बजेट विनियोजन हुनेछ ।

प्रश्न १२ फिदिम ४ कुमार ढकाल–फिदिम १ र २ को सीमाना बाट बग्ने थाङसाङ खोलामा वर्षादका बेला आउने वाढीका कारण अहिले पनि फिदिम ४ का स्थानियको खेतीयोग्न जमिन कटान गरेको छ,यसको समस्या समाधानका लागि खै त वडा,नगर खासै लागेको पाइँदैन् किन होला ?

उत्तर न.१२–फिदिम नगरपालिका प्रमुख मित्रप्रसाद काफ्ले

थाङसाङ खोलाबाट बग्ने पानीको ब्यवस्थापनका लागि हामी लाग्नेछौ,वस्तीको जोखिमलाई कम गराउन हामी लाग्नेछौ ।

प्रश्न.१३ गजेन्द्र माबो फिदिम १–फिदिम बजारका सडक बत्तिहरु अहिले काम नदिने अवस्थामा पुगेका छन् यसको मर्मतका लागि अहिले सम्म न त वडाले न त नगरले खासै कसैले पनि चासो दिएको पाइएन्न नि ?

उत्तर न.१३–फिदिम नगरपालिका प्रमुख मित्रप्रसाद काफ्ले

बजारका सडकबत्तिहरुको अवलोकन,निरीक्षण गरेर तुरन्तै हामी सडकवत्तिहरु परिवर्तन गर्छौ ।

प्रश्न १४ फिदिम ४ कृष्णमाँया वूढाथोकी–पाँचथर अस्पताल बाट निष्कस्ने फाहोर व्यवस्थित हुन् सकेन् जसका कारण हामी अस्पताल परिषर छेउमा बस्ने नागरिकहरु मर्कोमा परेका छौ । फोहोर व्यवस्थापन तर्फ वडा तथा नगरको किन ध्यान नपुगेको ?

उत्तर न.१४–फिदिम नगरपालिका वडा न.४ वडा अध्यक्ष उपेन्द्र लावती

पाँचथर अस्पताल बाट निस्कने फोहोर लाई व्यवस्थित गर्न वडा लाग्नेछ,नसके नगरपालिका सित सहकार्य गरेर भएपनि अव फोहोरलाई व्यवस्थापन गरिनेछ ।

प्रश्न १५ फिदिम ४ हरिनारायण खनाल–फिदिम बजार बाट लगिएको फोहोर सवारी चालकले जथाभावी खसाउँदै लैजाँदा सडक,गाउँ दुर्गन्धित बनेको छ,हामी फोहोर व्यवस्थापन हुने डम्पिङ साइडको बासिन्दा भएको हुँदा हामीलाई वडा तथा नगरले केही सहयोग गर्न सक्छ कि ?

उत्तर न.१४–फिदिम नगरपालिका वडा न.४ वडा अध्यक्ष उपेन्द्र लावती

अव फोहोर लैजाँदा पनि चालकलाई सचेत गराउँछौ,तपाईहरुले पनि फोहोर लैजाँदा सचेत गराउनुहोला ।

प्रश्न १६ फिदिम ४ पुष्प भण्डारी– सार्वजनिक सुनवाई कार्यक्रम गरिँदा वडा,वस्ती स्तर सम्म किन जानकारी दिइँदैन् ? फिदिम बजारको फोहोरमैला किन व्यवस्थित हुन सकेन् ? फिदिम बजारको आहालगैरीमा वडा न १ पट्टी मात्रै बन्यो,अव ४ न.वडा पट्टी किन नबनाएको ? सडकमा रहेका खाल्डाखुल्डीहरु स्थानिय सरकारले पनि बनाउन सक्छ तर किन यसतर्फ स्थानिय सरकारको ध्यान नगएको ?

उत्तर न.१६ आयोजक संचार विकाश केन्द्र पाँचथर अध्यक्ष जितेन्द्र भण्डारी

सार्वजनिक सुनवाई कार्यक्रमका लागि हामीले खवर गरेका थियौ,घरघमै लगेर पत्र पनि दिएका थियौ,यो भन्दा अगाडिको सार्वजनिक सुनवाई हाम्रो संस्थाले गरेको थिएन् यसर्थ हामीलाई थाहा भएन् हामीले गर्दा सम्पूर्ण सरोकारवालाहरुलाई बोलाउनेछौ ।

**फिदिम नगरपालिका उपप्रमुख राधाकृष्ण न्यौपाने**

त्यो क्षेत्रमा एकापट्टी मात्रै नाली बन्ने हो,यसर्थ फिदिम १ पटट्ीको भागमा मात्रै नाली बन्छ । सडकमा रहेका खाल्डाखुल्डी वडा तथा नगर दुवैले बनाउँछन् ।

प्रश्न १७ फिदिम १ मान.ब.विक–फिदिम १ शिवालयमा रहेको टंयाकी धारा मर्मत सम्भारको लागि किन वडा तथा नगरले चासो नगरेको ? फिदिम बजारको तारहरु अब्यवस्थित भएका छन् तिनीहरुलाई कसले समाधान गरिदिने ?

उत्तर न.१७–फिदिम वडा न. १ वडा अध्यक्ष गजाधार भट्टराई –

ट्याकी धारा मर्मतका लागि पहिल्यै पनि हामीले रकम विनियोजन गरेको थियो,अव पनि हामी आवश्यकता अनुसार गरिरहनेछौं । फिदिम बजारको तारहरु ब्यवस्थित हुन्छन् वडा तथा नगरले गर्न सक्छ ।

प्रश्न १८ फिदिम १ गोपाल राई– फिदिममा राम्रो पार्क छैन् यसतर्फ खोइ नगरपालिकाको ध्यान पुगेको ? जेष्ठ नागरिकको रकम समग्रमा लक्षित वर्गमा गोलमोटल नराखी छुट्टै वडा तथा नगरले विनियोजन गरिदिनुपरयो ?

उत्तर न.१८– फिदिम नगर प्रमुख मित्रप्रसाद काफ्ले

फिदिमको पार्कको लागि हामीले अस्पताल परिषरमा जग्गा हेरका छौ,अव अस्पतालले दिएको खण्डमा हामीले पार्क निर्माण गर्छो,लक्षित वर्गको छुट्टाछुटटै रकम विनियोजन गर्नेछौ ।

प्रश्न १९ फिदिम १–गंगाराम बास्कोटा–जेष्ठ नागरिकको रकम किन अरु लक्षित वर्ग सँग सँगै विनियोजन गरिन्छ । जेष्ठ नागरिकको रकम छुट्टै शीर्षकमा विनियोजन गरिदिनुपर्यो ।

उत्तर १९–फिदिम नगर उपप्रमुख राधाकृष्ण न्यौपाने

अव लक्षित वर्ग अर्न्तगत सवै जातजातिको छुट्टाछुट्टै रकम विनियोजन गरिनेछ ।

प्रश्न २० फिदिम ४ गोपाल न्यौपाने–फिदिम ४ गढीमा रहेको भेटेनेरी देखि वेलफेयर छेउ जोडिने सडकमा बनाइएको नाली अब्यवस्थित हुन सकेन् यसतर्फ वडा तथा नगरको खोइ ध्यान पुगेको ?

उत्तर न.२०– फिदिम नगरप्रमुख मित्र प्रसाद काफ्ले

उक्त सडकको नालीलाई ब्यवस्थित गरिनेछ । चाँडै नालीको ब्यवस्थापनमा हामी लाग्नेछौ ।

प्रश्न २१ दुर्गा बराल फिदिम ४–फिदिम बजारमा तत्काल सार्वजनिक शौचालय बन्नुपर्‍यो,बेमौसमी तरकारीबाली र अर्गानिक खेती तर्फ अहिले सम्म किन वडा तथा नगरले चासो नराखेको हो ? फिदिम माविमा भर्ना हुन लागि सवैको पहुँच पुग्ने गरीको ब्यवस्था नगर,वडाले किन नगरिदिएको ?

उत्तर न.२१ फिदिम नगर प्रमुख मित्र प्रसाद काफ्ले

फिदिम बजारमा जति सक्दो चाँडो जग्गा खोजेर पक्की सार्वजनिक शौचालय बनाउन लाग्नेछौ,जग्गै भएन भनेपनि अस्थायी शौचालयहरु बनाउनेछौ ।

फिदिम ४ वडाअध्यक्ष उपेन्द्र लावती

बेमौसमी तरकारीबाली र अर्गानिक खेती तर्फ हाम्रो जोड रहनेछ । सकेसम्म बेमौसमी तरकारीबाली र अर्गानिक खेती तर्फ कृषकहरुलाई पनि लाग्न प्रेरिरत गर्नेछौ ।

फिदिम नगरउपप्रमुख राधाकृष्ण न्यौपाने

फिदिम मावि मात्रै नभएर सवै सामुदायिक विद्यालयको शैक्षिक,भौतिक गुणस्तरमा सुधार गर्दै लगिनेछ । र सवै विद्यार्थी र अभिभावकको पहुँचमा सामुदायिक विद्यालय हुनेछन् । यसतर्फ नगरको जोड रहनेछ ।

**१३. सार्वजनिक सुनवाई कार्यक्रम वाट भएका सिकाईहरु**

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाई भएको छ ।

क) सार्वजनिक सुनुवाईहरु बाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।

ख) सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाई भएको छ ।

ग)यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने ।

घ) यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुने ।

ङ) जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको ।

च)नागरिकको गुनासो,पिरमर्का,समस्या सुनेर बजेट विनियोजन तथा योजना तर्जुमा गर्न सहजता प्रदान भएको छ ।

**सार्वजनिक प्रतिवद्धता**

सार्वजनिक सुनवाइमा कुनै सार्वजनिक प्रतिवद्धताहरु भएनन् ।

**कार्यक्रमको सवल पक्षहरु**

क) स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, जिल्लाका जिल्ला समन्वय समिती पाँचथरका प्रमुख बिष्णु प्रसाद सापकोटा,प्रमुख जिल्ला अधिकारी पुण्य प्रसाद ढकाल,निर्वाचित नगरका जनप्रतिनिधी कार्यालय प्रमुखहरुको सहभागीतामा संचालन गरिएको ।

ख) फिदिम नगरपालिकाको भौतिक,आर्थिक प्रगती प्रस्तुत गरिएको ।

सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट

चित्तबुझ्दो जबाफ दिईएको ।

घ) जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।

ङ) जनप्रतिनिधी ,कर्मचारी सित नागरिकको पनि समधुर सम्वन्ध बनेको ।

च) नगरपालिकाका विषयगत शाखाका कार्यालयका प्रमुखहरु पनि जवाफदेहि बक्ताको रुपमा रहेका ।

छ) नगरका सवै स्थलमा गरिएको सार्वजनिक सुनवाई कार्यक्रमको समायोजन गरी यूटब तथा रेडियो बाट प्रशारण गरिएको ।

१२. सुधार गर्नुपर्ने पक्षहरु

क).सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न नागरिक प्रतिवेदन समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरे

अझै प्रभावकारिता बढ्ने ।

ख).समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रशारमा ध्यान दिनु पर्ने ।

ग).प्रत्येक वडामा नगरले सार्वजनिक सुनवाई गर्नुपर्ने ।

घ).पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।

ङ).वडा स्तरमा ब्यापक प्रचार प्रसार गरी सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।

च) नगरका विषयगत समितीहरुलाई समेत कार्यक्रममा अनिवार्य राख्नुपर्ने ।

**.समस्याहरु**

नागरिक प्रतिवेदन पत्र वा नागरिक अभिमत संचालन गर्न नसक्नु ।

क).सहभागीहरु नआउँदा निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु गर्न नसकिएको ।

ख).सदरमुकाम बाट वडा वडामा गएर कार्यक्रम गर्न टाढा रहेको हुँदा जान तथा सहभागी जुटाउन गाह्रो भएको ।

ग) जवाफदेहि वक्ता तथा अतिथिहरु धेरै रहेकाले कार्यक्रम लामो समयसम्म संचालन हुँदा टाढाका

सहभागीहरुलाई आउन जान समस्या भएको ।

**फिदिम नगरपालिकाको परिचय**

नेपालको सदुरपूर्वमा रहेको पाँचथर जिल्ला संघीय गणतान्त्रिक संसदीय प्रणालीको नयाँ संरचना

अनुसार प्रदेश नं. १ अन्तर्गत पर्दछ । अन्य जिल्ला भन्दा फरक पहिचान बोकेको यस जिल्लालाई एक नगरपालिका र ७ गाउँ पालिकामा विभाजन गरिएको छ । एक मात्र फिदिम नगरपालिकामा जिल्लाको

सदरमुकाम रहेको छ । यो नगरपालिका समुद्र सतहबाट १३८० फिट फिदिम-४ माझिटार देखि १०७३७ फिट लुङरुपाको छिन्तापुडाँडा उचाइमा अवस्थित छ । पुरानो संरचनाका आठ वटा गाउँ विकास समितिलाई मिलाएर पुनसंरचना गरिएको यसको क्षेत्रफल १९२.५० वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार २०३४ महिला २३१६७ पुरुष गरी जम्मा ४९२०१ जनसंख्या रहेको छ । प्राचीन समयमा पल्लो किराँतको नामले चिनिएको यो जिल्ला लिम्बूवान क्षेत्रको केन्द्रका रुपमा रहेको

थियो । यस जिल्लाको सदरमुकाम फिदिम (फेदेन) मा दश लिम्बूवान क्षेत्रका राजाहरुले संयुक्त सभा गरी सामुहिक रुपले महत्वपूर्ण विषयहरु यहाँ स्थित आम्बेपाजो भन्ने तिर्थ स्थलमा चुम्लुङ्ग (सभा) द्वारा निर्णय गर्ने परम्परा रहेको देखिन्छ । यस जिल्लाको नामाकरणका बारेमा स्पष्ट आधार नभेटिए पनि जनश्रुतीलाई नामाकरण आधार मानिदै आएको छ ।जस अनुसार पाँचथर जिल्लाको नामाकरण 'पान्थरु थुम' शब्दबाट भएको मानिन्छ । पान्थरुको अर्थ कुरा थामेको र थुमको अर्थ इलाका/किल्ला भन्ने हुन्छ । यसै शब्दार्थका आधारमा नेपाल एकीकरण पश्चात यहाँका चलिआएका धर्म संस्कृति र रीतिरिवाजका बारेमा फेदेनमा चुम्लुङ्ग (सभा) बसी गरिएका निर्णय नेपाल सरकारमा पेश हुँदा तत्कालीन राजाले

त्यसलाई स्वीकृति दिएको हुँदा लिम्बूवानको रीतिरिवाज सम्बन्धी कुरामिलेको हुँदा यस क्षेत्रको नाम पान्थरु रहेको र पछि प्रयोग गर्दै जाँदा अपभ्रंश भई पाँचथर भएको पाइन्छ । अर्को तर्फ इस्वी सम्वत ५५० ताका किराँत इतिहासको वर्णन गर्ने क्रममा पान्थरु शब्दको प्रयोग गरेको पाइन्छ । यसरी नै फिदिम भन्ने शब्द लिम्बू भाषाको 'फेदेन' शब्दलाई प्रयोग गराइको अपभ्रंशबाट रुपान्तरित भई फिदिम भएको पाइन्छ । यसको अर्थ 'फे' भनेको धनु र 'देन' भनेको फराकिलो ठाउँ अर्थात धनुवाण हान्ने फराकिलो ठाउँ भएकोले फेदेन भनिएको र पछि फिदिम नामले चर्चित भएको भन्ने विभिन्न प्रकाशन तथा भनाइहरुमा उल्लेख पाइन्छ । यसै नामबाट पुरानो संरचनामा गाउँ विकास समितिको नाम राखियो र नयाँ संरचनामा नगरपालिका घोषणा हुँदा त्यही नामलाई निरन्तरता दिई फिदिम नगरपालिका भएको पाइन्छ ।

## भौगोलिक अवस्थिति

### फिदिम नगरपालिकाको वस्तुगत विवरण

नेपालको मानचित्रमा पाँचथर जिल्लाको फिदिम नगरपालिकाको फैलावट २७.०९० उत्तरी अक्षांशदेखि ८७.८७० पूर्वी देशान्तरमा अवस्थित छ । यस नगरपालिकाको पूर्वमा फालेलुङ गाउँ पालिका र इलामजिल्ला, पश्चिममा कुम्मायक गाउँपालिका र तेह्रथुम जिल्ला, उत्तरमा हिलिहाङ र फालेलुङ गाउँपालिका र दक्षिणमा इलाम र फाल्गुन्नद गाउँपालिकासँग सिमाना जोडिएको छ । मुख्य रुपमा पहाडी र केही उच्च पहाडी भू-भागमा फैलिएको यो नगरपालिका समुद्र सतह देखि १३८० फिट फिदिम न.पा. -४, माझीटार तमोर बगर देखि १०७३७ फिट उचाईमा लुङरुपाको छिन्तापुडाँडा सम्म फैलिएको छ । यस नगरपालिकाको क्षेत्रफल १९२.५० वर्ग किलोमिटर रहेको छ । हाल निर्माणाधिन मध्य पहाडी (पुष्पलाल लोकमार्ग) नगरपालिकाको सिमानाबाट बग्ने हेवा खोला देखि पुरानो बजार जोरसाल हुदै माझीटार तमोर नदी हुदै तेह्रथुम जोडेको छ । यसै गरी मेची राजमार्ग नगरपालिकाको वडा नं. १४ को पौवा भञ्ज्याङबाट शुरुभई नगरपालिकाको केन्द्र तथा जिल्लाको सदरमुकाम फिदिम हुँदै हेवा खोलाभई हिलिहाङ गाउँपालिका जोडेको छ। यस नगरपालिकाको केन्द्रबाट अन्य गाउँपालिकाका वडा वडा सम्म कच्ची सडकले जोडेको छ ।

फिदिम नगरपालिकालाई पुरानो संरचनाका आठ वटा गाउँ विकास समितिहरु जोडेर पुनसंरचित गरिएको छ । यसरी संरचित नगरपालिकालाई १४ वटा वडामा विभाजित गरिएको छ । समुद्री सतहबाट १३८० फिट देखि १०७३७ फिट अग्लो भाग सम्म फैलिएकोले यस नगरपालिकामा उष्ण देखि उपोष्ण साथै समसितोष्ण सम्मको हावापानी पाइन्छ । धनकुटा जलवायु मापन केन्द्रको जानकारी अनुसार यस नगरपालिकामा न्यूनतम तापक्रम १.२ डिग्री सेल्सियस र अधिकतम तापक्रम २६ डिग्री सेल्सियस सम्म रहने गर्दछ । यस्तो हावापानी पाइने स्थानहरुमा धान, मकै, गहुँ, आलु, केराउ, फापर, दलहन, तेलहन, सदाबहार फलफूलहरु आँप, लिची, केरा, रुखकटहर, भुँईकटहर, र मौसमी सुन्तोला, स्याउ, अलैची, अम्रिसो, अदुवा,चिया जडिबुटी साथै विभिन्न किसिम र जातका तरकारीहरु खेती

गरिनुका साथै गाई, भैंसी, भेडा, बाखा,बंगुर/ सुगुर, कुखुरा आदि व्यवसायिक र व्यक्तिगतरुपमा पशुपालन गरिदै आएको छ ।

**निष्कर्ष,**

फिदिम नगरपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । सहभागीहरुले फिदिम नगरपालिकाको आर्थिक सहयोग र संचार विकाश केन्द्र फिदिम पाँचथरकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नगरका योजनाको विषय,सेवा प्रवाह, शिक्षा,स्वास्थ्य, विकाश निर्माण,खानेपानीको समस्या, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र विकास, सस्वास्थ्य विमा पशुबिमा, कृषि कार्यक्रम, रिङ रोड निर्माण, पञ्च बर्षिय रणनीतिक योजनाको सार्वजनिक, खेलकुद,लगाएतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए ।

फिदिम नगरपालिकाका प्रमुख,उप्रमुखहरु,प्रमुख प्रशासकिय,विषयगत शाखाका प्रमुखहरु, नगर स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जननिर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरुगर्नुपर्ने बताएका थिए ।

कार्यविधिले व्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । प्रमुख जिल्ला अधिकारी, नगरपालिकाका मेयर,उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सहभागीता रहेबाट पनि सार्वजनिक सुनुवाईफलदायी भएको देखिन्छ । जिल्लाका कार्यालय प्रमुख, नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधी,कर्मचारी,स्थानिय राजनितीक दल,संघ संस्था,संचारमाध्यमहरुलाई समेत वडा तथा नगरपालिकाको केन्द्रमा उपस्थिति गराई प्रत्येक चौमासिकको दरले ३ पटक सार्वजनिक सुनवाई गर्न सके यो कार्यक्रम अत्यन्तै फलदायी हुने प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

समाप्त धन्यवाद

**फिदिम नगरपालिका आ.व. ०७८/०७९ को पहिलो,दोस्रो र तेस्रो चौमासिकको सार्वजनिक सुनवाई प्रतिवेदन**

**आयोजक तथा सहजीकरण संचार विकाश केन्द्र फिदिम**